जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१५ , अंक- ४३, २०८० साल जेठ १६ गते मंगलबार (May 30, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# गणतन्त्र पछिको १५ बर्षमा देशमा आर्थिक संकट किन ?

मोहन कार्की

**समसामयिक टिप्पणी**

संसारमा परिवर्तन पछि विगतमा गरेका सघर्ष, त्याग, निष्ठालाई सम्झेर त्यस देशका नयाँ शासकको रुपमा आएका व्यक्तिहरुले नयाँ थिति बसाउछन् । पारदर्शीता कायम गर्छन । विगतको शासनसत्ता भन्दा परिवर्तनकारी छलाङ मार्ने काम गरेका हुन्छन् । त्यस्ता उदारण हेर्न अन्त काही जानै पर्दैन ।

सीमाना जोडिएका छिमेकी राष्ट्र चीन र भारतलाई हेरे पनि पुग्छ । त्यसको प्रभाव नेपालमा समेत परेर नेपालमा पार्टी खोल्ने आट नगरी भारतमा गएर काँग्रेस, राष्ट्रिय काँग्रेस त्यसैको दुई वर्ष पछि नेपाल कम्युनिष्ट पार्टी खोलेर आन्दोलन गरेका नेपालका नेताहरुले जनतालाई, राष्ट्रलाई फाइदा हुने कामको परिवर्तन कहिल्यै गरेनन् ।

प्रजातन्त्रको लागि भनेर ल्याइएको २०४७ सालको संविधान नै परिवर्तन गरेर विश्वकै उत्कृट भनि झुटका अक्षर लेख्ने काम पनि त्यतिवेला भएकै हो । जो त्यतिवेला परिवर्तनकारी भनेर चिनिने नेपाली काँग्रेस, त्यतिवेलाको माक्सवादी, लेलिनवादी र माले पछि एकीकरण पछि बनेको नेकपा एमाले नै संविधान लेखनमा सहभागी भएका पार्टीहरु हुन् । उनिहरुले नै लेखेको संविधानले देशमा जनतालाई सुशासन,अमच चयन गर्न नसकेर त्यसै कमजोरीलाई टेकेर २०५२ सालमा माओवादीले जनयुद्ध घोषणा गरेर अर्को परिवर्तनको नारा लगाउदै मानिसमाथि गोलि बर्षउदै बम बर्साउदै हत्या हिंसा गर्दै भौतिक संरचना भत्काउदै परिवर्तनको कुरा गरेको हो र २०६४ सालमा सत्ताको रस चाख्न आईपुगेको हो ।

प्रजातन्त्र भनेर ल्याइएको २०४७ सालवाट गन्दा २०६४ मा १७ बर्षमा नेपालका उद्योग कलकारखाना, बन्द गराई सकिएको थियो । कतै कतै बाकी रहेका मध्य गोरखकाली रवर उद्योग गोरखाको आबु खैरनी, विराटनगरको जुटमिल, बाकी रहेका थिए । नयाँ संविधान अर्थात व्यवस्थाले त प्रचुर मात्रमा रोगगार सृर्जना गर्ने नयाँ सम्भावनाहरुको खोजी गर्ने जस्ता कामहरु गर्नुपर्दथ्यो । त्यसको उल्टो ४७ सालवाट ६४ सालको बीचमा बालाजु कपडा उद्योग बन्द, बासबारी छालाजुत्ता कारखाना बन्द गराएर पलायन, हेटौडा सिमेन्ट कारखाना बन्द, हेटौडामा नै रहेको कपडा कारखाना बन्द, हेटौडामा नै रहेको हेटौडा( चन्द्र गिरी रोपवे बन्द, जनकपुर चुरोट कारखाना बन्द लगनखेलमा रहेको टेसटायल बन्द, तराईमा रहेको रेशमी खेती बन्द, तराईमा तीनवाली सम्म खेतीयोग्य जमिनमा खेती गरिरहेका किसानलाई वातावरण जोगाउने नाममा लखेटेर रुख रोप्ने काम शुरु, खेतीयोग्य जमिन जाहा छ । त्यहा पलटिङको नाममा खेत




स्वाहा, दोलखाको म्याग्ना साइड कारखाना बन्द, गलैचा कारखानाहरु स्वाहा, गार्मेन्टहरु स्वाहा, पश्मिनाहरु स्वाहा त्यसपछि बढेको बेरोजगारहरु लाई अर्काको देशमा नाली सोर्न पठाउन काँग्रेस, एमालेले खोलेका म्यानपावर कम्पनीमा लाईन बस्न पाउने विदेशमा जानलाई यिनै दुई पार्टीले मिटर ब्याजमा पैसा लगानी गर्न डनको नाममा परिचालन गर्ने गरिव झन झन गरिव बनाउने र धनि झन धनि बन्न पाउने चलन बसाले जनतालाई २०४७ सालको परिवर्तनले यहासम्म पुऱ्यायो । यहि बीचमा भएको माओवादी जनयुद्धको नाफा नोक्सान अहिले सरकारका मिलिभगत गरिरहेको काँग्रेस माओवादीलाई नै थाहा होला ।

२०६२ साल मंसिर २ गते १२ बुदे डिल्ली सम्झौता गरेर आएको आठदलीय गठबन्धन त्यसलाई थप सहयोग गरेको भारतीय काँग्रेस आई अर्को शक्ति थपेर नौ गठबन्धन लागेर ल्याइएको गणतन्त्र २०६५ जेठ १५ गते सदनमा माओवादी को नकापमा बेरिएको मुखुण्डो गणतन्त्र सदनमा उघारियो । त्यतिवेला कलकारखाना स्वाहा, उद्योगहरु स्वाहा व्यापार घाटा अकाश छुने महगी मात्रै बढ्ने कमाई नबढ्ने जनता के के न पाइएला भनेर सुईसुई फुइफुई गर्दै सुसेल्दै नारा लगाउदै देशका चोक चोकमा मैन बत्ति बाल्न थाले यिनै नेपाली जनतालाई थाहा थिएनाकी हामीले रमाईलोको लागि बाल्न किनेको मैनबत्तिको पैशा भारत र चीनमा जान्छ भनेर हो त्यही जनता हो सुई सुई र फुई फुइ मा पछि लाग्ने तिनै जनता हुन् । नेताको चाकरी शक्तिको आडमा केही नराम्रा काम गरेर आजको भोली धनि हुन पाईन्छ की भनि पछि लाग्ने । अवसरको लागि कहिल्य यता कहिले उता कहिले कुन पार्टी कहिले कुन पार्टी बाँकी ६ पृष्ठमा

## राष्ट्रपति पौडेल गणतन्त्र समारोहमा सरिक

काठमाडौँ । राष्ट्रपति रामचन्द्र पौडेल १६औं गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहमा सरिक हुनुभयो ।

समारोहमा हेलिकोप्टरद्वारा पुष्पवृष्टिका साथै गणतन्त्र दिवस २०८० लेखिएको ब्यानर प्रदर्शन गरियो । त्यस अवसरमा काठमाडौँ, भक्तपुर र ललितपुर महानगरपालिका क्षेत्रका परम्परागत सांस्कृतिक झाँकी प्रस्तुत भयो ।



गणतन्त्र मूल समारोह समितिद्वारा आयोजित समारोहलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्बोधन गर्नुभयो ।

समारोहमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालद्वारा मार्चपास गरियो । त्यस अवसरमा सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले राष्ट्र र राष्ट्रियता उजागर गर्ने गीत(सङ्गीतका धुन प्रस्तुत गरिएको थियो ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, कामुप्रधानन्यायाधीश हरिकृष्ण कार्की, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधानमन्त्रीद्वय पूर्णबहादुर खड्का र नारायणकाजी श्रेष्ठ सहभागी हुनुभयो ।

मन्त्रीगण, सवैधानिक निकायका प्रमुख, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित महानुभाव पनि गणतन्त्र समारोहमा भाग लिन टुँडिखेल पुग्नुभएको थियो । समारोहस्थल सैनिक मञ्चको पूर्व, पश्चिम र दक्षिण भागमा गणतन्त्र दिवस २०८० लेखिएका 'ब्यानर' प्रस्तुत गरिएको थियो । कार्यक्रमको नेपाल टेलिभिजन र रेडियो नेपालले प्रत्यक्ष प्रसारण गरेका थिए ।

## सरकारद्वारा १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाको बजेट घोषणा




काठमाडौँ । आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ बराबरको हुने भएको छ। सोमबार संघीय संसदलाई सम्बोधन गर्दै अर्थमन्त्री डा प्रकाशरण महतले सो बजेट घोषणा गरेका हुन् । सरकारले खर्च कटौतीको योजनासहित बजेट ल्याएको छ । जसअनुसार आर्थिक मन्दीतर्फ उन्मुख अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्य बजेटले लिएको छ । यस्तै, आगामी आर्थिक वर्षमा देशको आर्थिक वृद्धिदर बढाउने र दोस्रो चरणको आर्थिक सुधारको योजना समेत सरकारले बनाएको छ । अर्थमन्त्री डा. महतले आगामी आर्थिक वर्षको बजेटमा विकास निर्माणलाई समेत प्राथमिक्रामा राखेका छन् । यसैगरी कृषि, स्वास्थ्य र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्दै बजेट बढाइएको छ ।

**केन्द्र सरकारबाट प्रदेश र स्थानीय तहले कति पाए बजेट ?**

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत सरकारले अनुदानका रुपमा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने बजेटको आकार सार्वजनिक गरेको छ। बजेट वक्तव्यअनुसार आगामी आर्थिक वर्षका लागि स्थानीय तह र प्रदेशलाई समानीकरण अनुदान तर्फ रु एक खर्ब ४६ अर्ब र ससर्त अनुदानतर्फ दुई खर्ब २७ अर्ब छुट्याइएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका बाँकी ६ पृष्ठमा

## अझै १५ दशमलव १ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि

काठमाडौँ । आइतबार सार्वजनिक भएको 'आर्थिक सर्वेक्षण २०७९/८०' अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुखी रहेको जनसङ्ख्या १५ दशमलव एक प्रतिशत बराबर देखिएको छ। आर्थिक सर्वेक्षणअनुसार आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ दशमलव ७ प्रतिशत रहेकामा अहिले उक्त जनसङ्ख्या १५ दशमलव १ प्रतिशत रहेको अनुमान छ । बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या भने १७ दशमव चार प्रतिशत छ । प्रदेशगत जनसङ्ख्यामध्ये बहुआयामिक गरिबीमध्ये कर्णालीमा सबैभन्दा बढी ३९ दशमलव पाँच प्रतिशत र बागमतीमा सबैभन्दा कम सात प्रतिशत रहेको छ । आर्थिक सर्वेक्षणअनुसार नेपालको मानव विकास सूचकाङ्क शून्य दशमलव छ सय दुई पुगेको छ । मानव विकास प्रतिवेदन, २०२१ मानव विकासको विश्व श्रेणीमा नेपाल एक सय ४३औं स्थानमा छ । पछिल्ला वर्षमा मानव विकासका सूचकमा क्रमशः सुधार हुँदै गएको आर्थिक सर्वेक्षणमा जनाइएको छ । "शिक्षा, स्वास्थ्य, खानेपानीलगायत सामाजिक क्षेत्रमा बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# प्रधानमन्त्रीको भारत भ्रमण नेपाली जनताको हितमा होस्

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा दुईदिने भारत भ्रमण हुन लागेको छ । उक्त भ्रमणमा उर्जा, जलस्रोत,अर्थ, पराराष्ट्र, भौतिक, सिचाई नीजि क्षेत्रका ब्यापारी, सञ्चारकर्मी लगायतको जम्बो टोली भारत भ्रमणमा यहि जेठ १७ गतेवाट प्रस्थान गर्ने परराष्ट्र मन्त्रालयले जानकारी दिईसकेको छ ।

उक्त भ्रमण भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा हुन लागेको जनाएको छ । नेपालवाट अमान्त्रित टोलीलाई भारतको हैदरावादमा नरेन्द्र मोदीले स्वागत गर्ने कार्यक्रम रहेको छ । भारत नेपालको छिमेकी राष्ट्र हो । नेपाल र भारत वीचमा जति खुल्ला सीमाना, पारस्परिक सम्बन्ध छ । त्यति नै रुपमा अविश्वास, बेला बेलामा हुने राजनीतिक हस्तक्षेप जस्ता आरोपहरु पनि भारतले नेपालवाट खेप्नु परेको छ ।

जति सौर्हादा छ त्यतिनै मात्रमा तिकतता पनि छ । नेपालमा गणतन्त्र आइसकेपछि पनि भारतले तराइको आन्दोलनको बिषयलाई लिएर झण्डै आठ महिना नाकाबन्दी गरेको थियो । त्यतिवेला देखि नेपाली जनता भारतसँग त्यति खुशी छैनन् । विगतमा जे भए भए ति भईसकेका गल्तीलाई भारतीय पक्षले पनि डेभलोम्याटिक ढंगवाट स्वीकार गरिसकेको अवस्था छ ।

नेपालमा प्रधानमन्त्री भारत भ्रमणमा जाने मुखमै भारतको नयाँ संसद भवनमा राखिएको नयाँ नक्साले पनि नेपाल भारतको कुटनैतिक सम्बन्धमा समस्या निम्त्याउन सकने परिस्थिति बनिरहेको छ । यो नेपालको राष्ट्रिय स्वाधिनताको बिषयमा नेपाल र भारतको पहिलो वार्ता हुनुपर्छ अनि मात्र अन्य कुराहरु अगाडी बढाउन मनासिव होला देशमा आर्थिक संकट छ । भरखरै नेपालको बजेट भाषण सकिएको छ ।

बजेट भाषणमा उल्लेख गरेका बजेट विदेशी ऋण र अनुदानवाट पनि पुर्ति गर्ने बुँदाहरु उल्लेख छन् । विकासमा साझेदार गर्न चाहने अन्तरष्ट्रिय कम्पनीहरुलाई प्रोत्साहन गर्ने बजेट भाषणमा उल्लेख छ । यी तमाम समस्या हुदाहुदै पनि नेपालको प्रतिनिधित्व गरेर भारत भ्रमणमा रहको प्रधानमन्त्रीको टिमले नेपालको हितका लागि काम गर्नुपर्छ । त्यही अनुसारको तयारी गरेर पराष्ट्र मन्त्रालयको विगतका राम्रा पक्षहरुको अनुभवलाई समेत अनुशरण गरेर नेपालले भारतवाट लिन सक्ने प्रविधिक, आर्थिक, सामाजिक, राजनैतिक, के के हुन सक्छ ति बिषयहरुमा तयारी गरेर भारत भ्रमण गरी नेपालको शिर उच्च राखेर काम गर्ने उद्देश्य राखेर भारत भ्रमण हुन सक्यो भने नेपालले उल्लेखनिय काम गर्न सक्छ ।

यस्ता कामहरु गरेर नेपाली जनताको सर्वभौम अधिकार स्वतन्त्र राख्न वर्तमान प्रधानमन्त्रीको नेतृत्व जान लागेको भारत भ्रमण सफल बनोस् ।

# नागरिकमुखी संगठनात्मक संस्कृति

**लक्ष्मीविलास कोइराला**

संगठनात्मक संस्कृति नेपालनको सार्वजनिक प्रशासन सुधारको एजेन्डा बन्न सकेका छैनन् । सार्वजनिक प्रशासनलाई नागरिकमुखी बनाउन प्रशासन सुधारको एजेन्डा संगठनात्मक संस्कृति हुनुपर्छ । निजामती सेवाले जनतालाई दिएको सेवा र राजनीतिक नेतृत्वलाई गरेको सहयोग नदेख्ने र केही प्रतिशत बिग्रेको काम र केही व्यक्तिको खराब आचरणले गर्दा सत्तोसराप खेप्नु परेको छ । म निजामती सेवाका कर्मचारीले जनताको र सरकारको विश्वास जित्ने संगठनात्मक संस्कति विकासको पर्खाइमा छु । निजामती सेवा वाह वाह भन्ने दिन ल्याउन के गर्न उपयुक्त हुन्छ भन्ने चिन्तनमा संगठनात्मक संस्कृतिको विषय महत्वसाथ उठाइरहेको छु ।

व्यक्ति वा समुदाय वा समाजमा प्रचलित विचार विश्वास, आस्था, सोचाइ, व्यवहार, मूल्यमान्यता, चालचलन, चाँडबाँड, खानपान, पूजाआजा, कलासंगीत, भाषासाहित्य, रहनसहनलाई संस्कृति भनिन्छ । अर्थात् संस्कृति भनेको जीवन पद्धति हो । उदाहरणका लागि विभिन्न समारोहमा जनजातिगत रूपमा लगाइने गरगहना, भेषभूषा र खाइने चिजविज संस्कृतिका उदाहरण हुन् । बस चढ्दा धेरै सिट खाली छ भने मानिस कसैको पनि नजिच नबसेर अलग्गै बस्न जान्छ । लिफ्टमा चढेका सबै मानिसहरू ढोकातर्फ नै फर्किन्छन् । यी सबै बन्न पुगेको संस्कृति र व्यवहारका उदाहरणहरू हुन् ।

प्रत्येक संस्कृतिका आफ्नै खास विशेषता हुन्छन् । संस्कृति एकअर्काबाट सिकिन्छ, यसकारण जैविक हुँदैन । संस्कृति एकअर्कामा बाँडिन्छ, समुदायमा अवलम्बन गरिन्छ । संस्कृति चिह्न वा वस्तु वा व्यवहारमा उद्घाटन हुन्छ । संस्कृति एकीकृत अर्थात् एकअर्कामा अन्तरनिर्भर र अन्तरसहयोगी हुने गर्दछ । संस्कृति गतिशील हुन्छ अर्थात् संस्कृतिमा अन्तर्क्रिया गर्ने, परिवर्तन र अनुकूलन हुने स्वभाव रहेको हुन्छ ।

संगठनको जिम्मेवारी र उत्तरदायित्व बहन गर्दै नतिजा प्राप्त गर्ने कर्मशीलतालाई ब्रान्ड मूल्यसँग आबद्ध गर्न सक्नुपर्छ

कर्मचारीले जनता र सरकारको विश्वास जित्ने संगठनात्मक संस्कृति विकास गरी 'वाह सार्वजनिक सेवा' भन्ने दिन ल्याउनुपर्छ

संगठनात्मक संस्कृति संगठनको पहिचान हो । व्यक्तिको पहिचान उसको व्यक्तित्व हो भने झैं संगठनको पहिचान संगठनात्मक संस्कृति हो । संगठनात्मक संस्कृति एक सशक्त गुँद (ग्लु) हो, जसले संगठनलाई आपसमा जोड्छ । अर्थात् संगठनका व्यक्तिले साझा रूपमा अबलम्वन गरेका व्यवहार, प्रवृत्ति, मूल्यमान्यता, आस्था विश्वासलाई संगठनको संस्कृति भनिन्छ । संगठनात्मक संस्कृति कर्मचारीले बुझेको, विश्वास गरेको र अपनाएको साझा पद्धति हो । यस्तो संस्कृति दृश्य (जस्तो कि भाषा, ड्रेस, सरसफाइ) र अदृश्य (आस्था विश्वास र अपेक्षा) गरी दुई प्रकारको हुन्छ । यसले संगठनको आन्तरिक र बाह्य पहिचानलाई परिभाषित गर्दछ । संगठनको संस्कृति संगठनका प्रमुख मूल्यमान्यताले तय गर्दछन् । सदाचार, निष्पक्षता, तटस्थता, इमानदारिता र समर्पण कर्मचारीतन्त्रका मुख्य मूल्यमान्यता (कोर भ्यालुहरू हुन् ।

संगठन संगठनात्मक संस्कृति संगठनात्मक व्यवहारमा प्रदर्शित हुन्छ । यसले कर्मचारीको व्यवहारलाई मार्गनिर्देशन गर्दछ । संगठनात्मक व्यवहार कर्मचारीको मनोवैज्ञानिक बुझाइ र काम गराइ हो । संगठनात्मक संस्कृतिले नागरिक र सेवाग्राहीको समाजमा संगठनलाई चिनाउँछ । संगठनात्मक संस्कृतिले सेवाग्राहीको मनमा संगठनप्रति सकारात्मक वा नकारात्मक भाव पैदा गर्दछ । कर्मचारीलाई संगठनको हितानुकूल बोल्ने, काम गर्ने र जिम्मेवारी लिने बनाउँछ । संगठनका कर्मचारीलाई ज्ञानार्जन, क्षमता विकास र सो को कार्य सम्पादनमा उपयोग गर्न सघाउँछ, उत्प्रेरण दिन्छ । परिणामत: उनीहरू संगठनमा टिकिरहन्छन् । संगठनात्मक संस्कृतिले पूरा संगठनलाई लक्ष्य हासिल गर्न संगठनमा भएको सम्पूर्ण जनशक्तिलाई टिममा रुपान्तरण गर्दछ भने कर्मचारीको कार्यसम्पादन स्तर बढाइ संगठनलाई परिणाम प्राप्त गर्न क्रियाशील पनि बनाउँछ ।

रबर्ट क्विन र किम क्यामरुनले चार प्रकारका कुलगत (क्ल्यान), तदर्थतन्त्र (एडोक्रेसी), बजारी (मार्केट) र पदसोपान संगठनात्मक संस्कृतिको चर्चा गरेका छन् । कुलगत संस्कृतिले स्याहार गर्ने सिकाउने र मिलेर काम गर्ने संस्कृति सिकाउँछ । तदर्थतन्त्र संस्कृतिले संगठनमा गतिशलि, उद्यमी जोखिम लिने, नयाँ सिर्जना गर्ने र काम पहिले गर्ने संस्कृतिको विकास गर्दछ । बजारी संस्कृति बजारको कार्य प्रवत्तिबाट विकास भएको हो यसले प्रतिस्पर्धाबाट परिणाम प्राप्त गर्ने संस्कृति सिकाउने गर्छ । पदसोपानमा आधारित संस्कृतिले संगठनमा अनुशासन, नियन्त्रण, स्थिरता, प्रभावकारिता र प्रक्रियामूलकरूपमा कार्य गर्ने संस्कृतिको विकास गर्दछ । कुलगत तथा तदर्थतन्त्र संस्कृति बढी लचकदार हुन्छ भने बजारी र पदसोपान संस्कृति बढी स्थिर हुन्छ । बजारी र तदर्थतन्त्र संस्कृति बढी बाह्य परिवेशअनुकूल हुन्छन् भने कुलगत र पदसोपान संस्कृति बढी आन्तरिक परिवेशअनुकूल हुने गर्दछन् । अहिले बजारी संस्कृतिले प्रश्रय पाइरहेको छ ।

निजामती सेवाको संस्कृति आफ्नै खालको छ । तोकिएको काम गर्न रुचाउने, काम गर्न हाकिमको निर्देशन पर्खिने, हाकिमसँग राय बझाउन नचाअने, काम भए पनि नभए पनि व्यस्त भएको देखाउन चाहने, ढिलो गरी निर्णय लिने, निर्णय गर्दा जोखिम उठाउन नचाहने, नीति निर्माण प्रक्रियामा सहभागी हुन पाउँदा रमाउने अर्थात् राजनीतिज्ञसँग नजिच हुन रुचाउने, आफूले निर्णय गर्दा अरूलाई सहभागी गराउन नचाहने, टिमवर्क गर्न नरुचाउने, सूचना सेयर गर्न नचाहने, बन्द प्रणालीमा काम गर्न सहज मान्ने, समय पालना गर्न उदासीन हुने, भइरहेको कार्यविधिमा काम गर्न रुचाउने, नयाँ शैली, विधि प्रयोगलाई साथ नदिने अर्थात् यथास्थितिमा काम गर्न मन पराउने, नियम पालना र प्रक्रिया पूरा गर्न चाहने, पदानुक्रमलाई आदर गर्ने, आलोचना सुन्न नचाहने र समन्वय गर्न नरुचाउने, टिममा काम गर्न हिचकिचाउने, बहुसांस्कृतिक परम्परालाई सम्मान गर्ने, अधिकार प्रत्यायोजन हतपती नगर्ने, उत्तरदायित्व र जिम्मेवारी लिन नतम्सिने, सुम्पिएको काम जसै गरे पनि वा अन्तिम समयमा भने पूरा गर्ने, सेवाग्राही नागरिक वा ग्राहकसँग अन्तरक्रिया गर्न नरुचाउने निजामती सेवाका सांस्कृतिक चरित्र हुन् ।

निजामती सेवाको प्रचलित संस्कृतिको विश्लेषणले निजामती सेवा परिणामुखीभन्दा प्रक्रियामुखी, नागरिकमुखीभन्दा हाकिममुखी, नयाँ कार्यशैली वा नवीन प्रविधिको प्रयोग गरेर कार्य सम्पन्न गर्न अगाडि नसर्ने, केन्द्रीकरणमुखी, पारदर्शी बन्न हिचकिचाउने, फायल घुमाई घुमाई पनि प्रक्रिया पुऱ्याउने र जनताका पिरमर्कालाई आफ्नो जस्तो मान्न नसक्ने असंवेदनशील सेवाका रूपमा प्रस्तुत गर्दछ । निजामती सेवालाई नागरिकप्रति उत्तरदायी नभएको नागरिकको पीडाप्रति संवेदनशील नभएको भन्ने आरोपहरू लागिरहेको पाइन्छ । लोक सेवा आयोगका कठोर र प्रतिस्पर्धी परीक्षा उर्तीण गरेर निजामती कर्मचारी हुने र कर्मचारी भएको दिनदेखि पैसा कमाउन खोज्ने र कमाउन नसके दिक्क मान्ने कर्मचारीको जत्था प्रवृत्तिले सार्वजनिक कार्य सम्पादन र सार्वजनिक सेवा प्रवाह सहजता साथ गर्न किमार्थ सकिँदैन ।

संगठन बहुसंस्कृतिको संगम हो । संगठनात्मक संस्कृति र संरचना स्थिर हुँदैन । समय र वातावरणअनुरूप परिवर्तन हुँदै जान्छ । समाजमा राजनीतिक शासन प्रणाली, आर्थिक विकास नीति, सामाजिक रहनसहन, प्रविधि विकास, नागरिकको चेतना र माग निरन्तर परिवर्तन भइरहेको छ । संगठनात्मक समस्याको व्यवस्थापन समाधान गर्ने तत्व संगठनात्मक संस्कृति हो भनिन्छ । संगठनात्मक संस्कृतिमा संगठनको प्रभावकारिता सक्षमता निर्भर गर्दछ । समय समयमा जस्ट इन टाइम, विजनेस प्रोसेस रिइन्जिनियरिङ, ब्यालेन्स स्कोर कार्ड, टोटल क्वालिटी म्यानेजमेन्ट जस्ता संगठनात्मक संस्कृति परिवर्तनका प्रयास भएका छन् । संगठनात्मक संस्कृति परिवर्तन सहज भने हुँदैन । इरिक्सन कम्पनीका सीईओ कार्ल हेनेरी हावर्ग संगठनात्मक संस्कृतिले सधैं संगठनको रणनीतिलाई परास्त गर्ने गर्दछ भन्दछन् ।

संगठनात्मक संस्कृति उत्पादक हुनुपर्दछ भने अनुत्पादक पक्षमा सुधार हुन आवश्यक हुन्छ । सार्वजनिक सेवाको मूल धर्म जनतालाई सेवा दिनु हो । परिणाममुखी, जनमुखी, टिमउन्मुख, प्रतिस्पर्धी स्वभाव, रणनीतिक चरित्र, अन्वेषणोन्मुख, पारदर्शितातर्फ उन्मुख र सेवाग्राहीमुखी चरित्र आधुनिक संगठनका संस्कृतिका रूपमा विकास भएका छन् । आजको नेटवर्क, सम्पर्क र सामूहिकताको युगमा सूचना तथा सञ्चार प्रविधिले डिजिटलाइज्ड जीवन पद्धति विकास गरेको छ । सार्वजनिक संगठनमा डिजिटलाइज्ड र भर्चुअल संस्कृति विकास गर्दै नागरिकलाई सार्वजनिक सेवा अनलाइन, वान स्टप, एनिटायम, एनिहायर उपलब्ध गराउनु पर्ने भएको छ ।

युगअनुकूलको संगठनात्मक संस्कृतिको विकास आजको आवश्यकता हो । संस्कृति परिवर्तनका योजनाबद्ध, अपर्झट, आवधिक वा निरन्तर जस्ता धेरै रणनीति हुने गर्दछन् । परिवर्तनको प्रतिरोध गर्ने प्रवृत्ति हरेक संगठनका कर्मचारीमा पाइन्छ । संगठनात्मक संस्कृति नेतृत्वको पहुँच पर हुने भए पनि संस्कृति परिवर्तन गर्ने एजेन्ट नेतृत्व नै हो र उसको इच्छाशक्तिमा नै परिवर्तन निर्भर गर्दछ । समय र प्रशासकीय वातावरणले नागरिक सार्वजनिक संगठनलाई प्रभावकारी रूपमा सेवाप्रवाह गरेको देख्न चाहेका हुन्छन् ।

संगठनले कर्मचारीलाई खुसी बनाएको खण्डमा मात्र सेवाग्राहीलाई खुसी बनाउने वातावरण बन्छ भन्ने विश्वास गर्नुपर्छ र कर्मचारीलाई सक्षम र परिवर्तनमुखी बनाउनुपर्छ । सेवाप्रवाह गर्ने सन्दर्भमा सार्वजनिक सेवाले निर्णय गर्ने अधिकार तथा स्रोतसाधनको प्रयोग गर्ने भएकाले सार्वजनिक प्रशासन सर्वप्रथम अधिकारको तथा स्रोतसाधनको प्रयोगप्रति उत्तरदायी हुनुपर्छ । आफ्नो जिम्मेवारी र आफूले लिएको निर्णयप्रति उत्तरदायी बन्ने गुण पनि संस्कृतिको एउटा पाटो हो ।

संगठनात्मक संस्कृति परिवर्तनका लागि कर्मचारीको सोच र व्यवहार बदलेर न्यु मेन्टल मोडल खडा गर्न आवश्यक हुन्छ । संगठनात्मक परिवर्तनका धेरै विषय क्षेत्रहरू हुने भएकाले नेतृत्वले संगठनात्मक संस्कृति परिवर्तन गर्ने उद्देश्य र योजना कर्मचारीसँग छलफल गरेर तय गर्नु राम्रो हुन्छ । संगठनात्मक संस्कृति परिवर्तनका लागि सर्वप्रथम निजामती सेवाको 'ब्रान्ड मूल्य' निर्धारण गर्ने जसले निजामती सेवा कस्तो बनाउने भन्ने विषय निर्धारण गर्दछ ।

यसका लागि 'निजामती कर्मचारी भएकोमा प्रत्येक निजामती कर्मचारीले गर्व गन सर्क्ने भावना विकास गर्ने' तथा 'निजामती सेवा अन्य सबै सार्वजनिक तथा निजी सेवाका लागि उदाहरण बन्ने' गरी दुई ब्रान्ड मूल्य निर्धारण गर्नु उचित देखिन्छ । यो ब्रान्ड मूल्य हासिल गर्न निजामती सेवाले जनताको पक्षमा उत्कृष्ट कार्य गर्न अनिवार्य हुन्छ ।

साथै, संगठनात्मक संस्कृतिलाई संगठनको जिम्मेवारी र उत्तरदायित्व वहन गर्दै तथा नतिजा प्राप्त गर्ने कर्मशिलतालाई ब्रान्ड मूल्यसँग आबद्ध गर्नुपर्दछ । सार्वजनिक प्रशासनको सफलताको मूल कडी संगठनात्मक संस्कृति हो । सार्वजनिक संगठनका अगाडि नयाँ जिम्मेवारी नयाँ चुनौतीहरू आइरहने भएकाले संगठनात्मक संस्कृतिलाई पनि गतिशील, समय र परिस्थितअनुरूप अनुकूलन हुँदै परिवर्तन हुने बनाउनुपर्छ । राजधानी दैनिक

# आपत्‌कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिने

जनकपुरधाम । जिल्ला विपद् व्यवस्थापन समिति धनुषाले सम्भावित विपद् जोखिमको अवस्थालाई मध्यनजर गरी यहाँका १८ वटै स्थानीय तहले स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना तथा वडा विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउने निर्णय गरेको छ ।

आइतबार बसेको समितिको बैठकले प्रत्येक स्थानीय तहका विपद् व्यवस्थापन समितिले खुला क्षेत्र र उद्धार सामग्रीको अभिलेखन गरी त्यसको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी एवं समितिका अध्यक्ष काशिराज दाहालले जानकारी दिनुभयो ।

त्यसैगरी बैठकले मनसुन, आगलागी, चटचाङलगायत विपद्जन्य घटनाको जोखिम न्यूनीकरण, खोज, उद्धार तथा राहत विवरणसम्बन्धी प्रतिकार्य योजना तयार गर्न धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विभिन्न सरोकारवालाहरूको प्रतिनिधित्व रहने गरी उपसमिति गठन गर्ने निर्णयसमेत गरिएको दाहालले बताउनुभयो ।

मुखियापट्टी मुसहरनिया गाउँपालिकाको वडा नं ३ धोवियाहीमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण र वडा नं ६ रौयाहीमा १५ शय्याको अस्पताल निर्माणका लागि सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति २०७९ को नियम १० को उपनियम (१) बमोजिम सरकारी जग्गा उपयोग गर्न दिने वा लिजमा उपलब्ध गराउन सिफारिस समितिमा पेस गर्ने पनि बैठकले निर्णय गरेको छ । बैठकमा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले वर्षात् सुरु हुनुअघि नै जोखिममा रहेका स्थानीय तहका नदी नियन्त्रण तथा अन्य कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले विपद्बाट हुने जोखिम न्यूनीकरण तथा विपद् प्रतिकार्यका लागि हुने सम्पूर्ण तयारीमा उपमहानगरपालिका स्थानीय प्रशासनसँग सहकार्यका लागि तयार रहेको बताउनुभयो । *बाँकी ६ पृष्ठमा*

# शान्तिपूर्ण परिवर्तन र गणतान्त्रिक प्रजातन्त्र

डा.सुमनकुमार रेग्मी

गणतान्त्रिक प्रजातन्त्रमा देशमा शान्तिवत् रूपमा क्रान्ति गर्ने अधिकारको मान्यता गरिएको हुन्छ । आर्थिक(सामाजिक नागरिक समाजको उद्देश्का सिद्धान्त समेटिएको स्वरूप नै गणतान्त्रिक प्रजातन्त्र हो । प्रजातन्त्र र शान्तिवत् संघर्ष एकअर्काका पूरक हुन् । विश्वका प्रजातन्त्रका स्वरूपका विभिन्न तहगत कार्यान्वयन अवस्थामा प्रजातन्त्र रहेका देखिन्छन् । प्रजातान्त्रिक आन्दोलन मानवीय स्वतन्त्रका मुख्य आधार हुन् । त्यसैअनुरूप प्रजातान्त्रिक आन्दोलनको सिद्धान्त उदार हुन्छ । प्रजातान्त्रिक सिद्धात प्रतिपादक जस्तै जनताको आन्दोलनप्रति प्रत्याभूति हुन्छ भन्छन् । त्यसैअनुरूप प्रजातान्त्रिक सरकारको संवैधानिक ढाँचा विचार गर्दछन् । जसद्वारा शान्तिपूर्ण माध्यमद्वारा आमूल परिवर्तनको आशा गर्न सकिन्छ । शान्तिपूर्ण आन्दोलनबाट आधारभूत रूपमा हिंसा(तोडफोड नभई आमूल प्रजातान्त्रिक परिवर्तन हुन्छ ।

प्रजातन्त्रको स्थायित्व र बल नै संवैधानिक माध्यमद्वारा अनवरत क्रान्तिमा आधारित हुन्छ । आन्दोलनको मूलभूत राष्टि्रयताले यसको सफलता निर्धारण गर्दछ । राजनीतिक अधिकारको भ्रष्टाचार आफैंमा निहीत रहँदैन तैपनि यसको स्रोतमा रहन्छ । जनतामा निहीत शक्तिमा आधारित प्रजातान्त्रिक राजनीतिक शक्ति नै भ्रष्ट त्यो बेला हुन्छ जब ती राजनीतिक शक्ति नै आफ्नो निजी स्वार्थमा लिप्त हुन्छन् । प्रजातन्त्र आफै स्वतस्पूर्त राजनीतिक व्यवस्था हो ।

हामी गणतान्त्रिक प्रजातन्त्रको साथै संविधान २०७२ पश्चात् दोस्रो आमचुनावपछि पाँच वर्षपछि तेस्रो आमचुनावको प्रतीक्षामा छौं । हाम्रो जस्तै प्रजातन्त्र मानवीय स्वतन्त्रता तिर खतरामुक्त भए पनि चुनाव र प्रजातन्त्रको पुनर्स्थापित गर्नुपरेको छ । समाजलाई बदल्न प्रजातान्त्रिक अभ्यास जरुरी छ । राष्टि्रयता आधुनिकीकरण र प्रजातन्त्रपश्चात् एसिया, अफि्रका र ल्याटिन अमेरिकाका केही देश अगाडि बढे । प्रजातान्त्रिक आन्दोलनको सिद्धान्त समाजलाई परिवर्तनतर्फ धकेल्ने हो । प्रजातन्त्र आन्दोलनपछिका प्राप्त गरेको जनाधिकारको प्रजातान्त्रिक अभ्यासको युग हो ।

गरिबी एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको सिद्धान्त हो । प्रजातन्त्र गरिबी निवारण गर्न आवश्यक छ । प्रजातान्त्रिक रण भन्नाले निजी धन पूरा समाजमा संवाहित गर्नु हो । यसका लागि सामूहिक मानवीय साधनका लागि सम्पतिको नियम(ऐन जरुरी पर्छ । मानवीय स्वतन्त्रता विस्तारको राजनीतिक उद्देश्य नै आध्यात्मिक र नैतिक अभ्यासमा जोडिएको हुन्छ । राष्टूका लागि होइन, बल्की मानवका लागि समाजलाई क्रान्तिकरण गर्नुपर्छ । सन् १९९० पछि देशमा समाजका लागि बृहत् परिवर्तन जरुरी थियो तर विगत केही दशकमा ती आधारभूत परिवर्तन देखा परेनन् । तसर्थ भविष्य दिशाको कदम'दयगत जनवर्गमा नै प्रश्न राखिनु उचित हुन्छ । सन् १९९० मा बहुदल पुनर्स्थापित गरिए पनि प्रजातन्त्रको सच्चा परिभाषामा बाटो भुलियो । अब समाज परिवर्तनको आमूल दलबदल जरुरी छ ।

प्रजातन्त्रमा राजनीति मात्र होइन, सामाजिक(आर्थिक(दार्शनिक( शैक्षिक र मानवीय जीवनका अन्य पक्ष समेटिनुपर्छ । प्रजातान्त्रिक खाकामा हरेक व्यक्तिले असल नागरिकको जिम्मेवारी निभाएको हुन्छ । प्रजातन्त्रको संरक्षणका लागि अज्ञानता र अन्धविश्वाश हटाउनुपर्छ । जुन राजनीतिक ज्ञानबाट मात्र सम्भव छ ।

प्रजातन्त्रमा व्यक्तिले राजनीतिक शिक्षाको जिम्मेवारी लिनुपर्छ । नागरिकलाई राजनीतिक शिक्षा दिलाउन राष्टूले आवश्यक सहयोग गर्नुपर्छ । तर, प्रजातन्त्र'दयगत यस्तो सहयोग रहँदैन 'अबगकभ साधारण जनताको ज्ञान र विशेषताबाट यसको शक्ति आकर्षण गर्छ । जनता कमजोर भएमा संसदमा जाने चुनावबाट आएका संसद कमजोर भई गठन गरिने सरकार कमजोर हुन्छ । त्यसकारण प्रजातान्त्रिक शक्तिका रूपमा रहेको सरकारले जनताको सांस्कृतिक विकास राजनीतिक शिक्षामा ध्यान दिइनुपर्छ । देश विगतका वर्षमा स्थापित राष्टि्रय पार्टीहरू राष्टूको राष्टि्रय भलाइमा देखिएनन् ।

राष्टि्रय समस्या समाधान गर्नमा नेपाली कांग्रेस, केन्द्र माओवादी, एमाले, एकीकृत समाजदाद, स्वतन्त्र, जनमत पार्टी, नागरिक पार्टी, जनता समाजवादी पाटी, तमलोपा, फोरम, मोर्चा, सद्भावना, राप्रपा, राजपा , नेमकिपा, माले, डयास(माओवादी र अन्य पार्टीहरू विगतमा एक जुट हुन सकेनन् । राष्टि्रय विकासको पक्षका प्रयासमा सबै पार्टीले सहमति जनाउन सकेनन् । कुनै पनि पार्टीले आत्मासात गरी राष्टूको हितमा विचार गर्न सकेनन् । प्रजातन्त्रमा धेरै पार्टी भए पनि राष्टूसामु चाख दिएनन् । राष्टूको समन्वयमा योग्य नेतृत्व आवश्यक हुन्छ । 'अबगकभ योग्य नेताले राष्टूलाई डोऱ्याउन सक्दछ । विगत वर्षमा सीपयुक्त राष्टि्रय समाधान गर्न तल्लीन रहने नेता भेटिएन । राष्टूलाई समर्पण गर्ने नेता भने निक्लेनन् । जसको फलस्वरूप बहुदल आएको सत्र वर्षपछि राजाको अवशान भयो र जनता खुसी भए । तर २०८० आउँदा जनतालाई अब कोही नजाहिने महसुस गरिरहेका छन् ।

बहुदलीय व्यवस्थामा कुनै पनि क्षेत्रले पाएको अख्तियार दुरुपयोग गर्नेलाई सख्त कारबाही गर्ने निकाय सशक्त हुनुपर्थ्यो । बहुदलीय संस्कारका ऐन संसदबाट पास हुनुपर्छ । पहिलेको परिवेश विचारेर ऐन ल्याइनुहुँदैन । बहुदलीय व्यवस्थामा जनसंघर्षबाट आएको हो । बहुदलीय व्यवस्था पुनर्स्थापित भएपश्चात् आएका विसंगतिलाई नेपालको संविधान २०४७ ले निरुपण गर्न सकेन ।

नेपालमा राणा शासनअघिका समय, १ सय ४ वर्षे राणाकालीन समय, ३० वर्षे पञ्चायती व्यवस्था, २०१५ सालको टेढ वर्षे बहुदलीय व्यवस्थाको जस्तै २०४७ पछिका बहुदलीय व्यवस्थाका अवस्थाका अभ्यास सबै र २०६२/६३ पछिका दुईवटा संविधान सभापश्चात्का अवधि संविधान २०७२ निर्माणमा चुनौती रहे ।

प्रत्येक नेपालीको जन्मस्थान र हालको वासस्थानको मूल्यांकन सांसदले गर्नुपर्नेमा विगत ३३ वर्षमा जनताले नेपालका नेताको जन्मस्थान र हालको वासस्थानको मूल्यांकन गर्नुपर्ने अवस्था विगत २०४७ पछिका ३३ वर्षमा आयो ।

बहुदल पुनर्स्थापित भएको ७ वर्षपछि नै बहुदलीय व्यवस्था चल्न गाह्रो भइसकेको थियो । फलस्वरूप संघीय गणतन्त्र संघीय बहुदलीय व्यवस्था आयो । संविधान २०७२ का कुनै पनि संसद पूर्णावधि चल्न सकेनन् । बहुदलीय व्यवस्थामा अदालत बलियो भई निरंकुश हुन नदिन एकातिर महत्व देखिन्छ भने अदालतले एकपक्षीय निर्णय अनुशरण गर्ने भएमा बहुदलीय व्यवस्थामा आघात पुग्न जान्छ । संघीय गणतान्त्रिक बहुदल आएपछि अगाडिका ३३ वर्षमा भएका विकृति पारदर्शी गरी कारबाही गर्नुपर्नेमा विगत ३३ वर्षमा झनझन विकृति थप भई विगत ३३ वर्षमा चरमचुलीमा पुग्यो । ३३ वर्षअघि नै तसर्थ पहिलो संविधान सभामा राष्टूले राजा फाल्ने निर्णयमा पुग्यो ।

आदर्श नेताको अभाव देशमा भएकाले बहुदलीय व्यवस्था चल्न गाह्रो भयो । जसरी संगठनभित्रको सन्तुलन( असन्तुलन हेर्ने जिम्मा संगठनभित्रका कर्मचारीका हुन्छ । त्यसैगरी देशमा भएको विकृति सन्तुलन(असन्तुलन हेर्ने जिम्मा देशभित्रको हुन्छ ।

विकृति उन्मुख नेतालाई कारबाही गर्नुपर्ने आजको आवश्यकता हन्छ । ऐनकानुनको पालना गर्नमा सैनिकशैलिका कार्यशैली परिचालन गरेर भए पनि बहुदल स्वच्छ पार्नु आजको आवश्यकता हो । यसो नगरेसम्म हाम्रो देशमा सामाजिक( आर्थिक अवस्थामा सुधार आउँदैन । विगत ३३ वर्षका विकृतिका शृंखला हेर्दा नेपालमा निर्दलबाट एक दल, दुई दल अनि दुई दलबाट बहुदल शासन प्रणाली आउनुपर्ने थियो । बहुदल पुनर्स्थापित भएको ७ वर्षमा अस्थिर स्थितिको सुरुवात भयो र १३ वर्षपछि त देशमा संकटकालीन अवस्था आयो र संविधान सभाको चुनावपछि देश गणतन्त्रमय भयो ।

नेपालमा २०६२-६३ सम्म न त पूर्वराजाले, न त पार्टीले, न त सरकारले, न त जनताले देशका लागि सोचे, न त गरे, त्यसै भएर नेपालमा सिंगापुरमा लिकानयु जस्तो सपूत निक्लेन । नेपालमा उन्नति गर्न नसकेको कारण सबैले आफनो स्वार्थ सोचे । अन्ततः नेपालमा गणतन्त्र आयो । तसर्थ विकास क्षेत्रीय सरकारसहितको केन्द्रीय सरकारको आर्थिक नीतिमा मिश्रित सांयवादी व्यवस्थाका नीति मिसाएमा नेपालले २००७ सालपछिका आठ दशकको अवधिमा बलियो पार्न नसकेको अर्थतन्त्र दलियो बन्न जान्छ ।

२०३६ सालको जनमत संग्रह उत्कृष्ट प्रजातान्त्रिक कदम मानिनुपर्छ । त्यस्तै जनमत नतिजाअनुरूप आधाभन्दा बढी बहुदलको पक्षमा नदेखिएकाले २०४६ सालको संघर्ष भएर त्रिपक्षीय सम्झौताअनुरूप नेपालमा बहुदल पुनर्स्थापना भयो । २०६२(६३ को १९ दिनको जनसंघर्षबाट माओवादीसहित अरू दलको संघर्षबाट देशमा संसद पुनर्स्थापित पछि संविधान सभाको निर्वाचनपछि देशमा संविधान सभा गठनपछि संविधान निर्माणोन्मूख छ ।

दलको सहमतिमा भएका सहमति पनि दलभित्र र तराईका विभिन्न खालको समूह आदिका आवाज अझ देखिन्छन् । संसदीय दलबाहिरको अरू पार्टीले विरोध गर्लान् । देशमा २०३६ सालको जस्तै हिन्दु राज्य वा धर्म निरपेक्षमा जनमत संग्रह गराई देशमा धार्मिक सहिष्णुता देखाउनुपर्ने थियो । दुईमध्ये एकमा ५० प्रतिशतभन्दा बढी मत जुन समयमा देशमा देखापर्छ त्यतिबेला धर्मनिरपेक्ष आउन सहज बन्न जान्थ्यो । हिन्दु गणतन्त्र वा धर्मनिरपेक्षबीच जनमत संग्रह प्रत्येक पाँच वर्षमा अर्थात् आमनिर्वाचन चुनावसँग लिइनुपर्थ्यो ।

राज्यद्वारा सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य केन्द्रीय सरकार मन्त्रिपरिषद्ले मात्र गर्न सम्भव नहुने भएकाले स्थानीय तहमा जेजस्ता संस्थागत रूपमा संगठित गराएर कार्य गराएर कार्य सम्पन्न गर्न शक्ति विकेन्द्रीकरण गर्ने चलन प्रत्येक प्रजातान्त्रिक तथा लोककल्याणकारी राज्यमा रहेको पाइन्छ ।

२०४६ सालमा आएको राजनीतिक परिवर्तनपश्चात् २०४८ देखि तीनवटा आमचुनावपश्चात् जननिर्वाचित सरकार गठन भयो । तर, २०५९ असोज १८ पछि त संविधानसभाको चुनाव नभएसम्म निर्वाचन शून्य स्थितिमा रह्यो । २०७२ सालको संविधान पछिको अबको दोस्रो आमनिर्वाचन बनेपछि परिवर्तन देखा पर्दै छ ।

राजधानी दैनिक

## गणतन्त्र दिवसका अवसरमा रक्तदान

खोटाङ । सोह्रौं गणतन्त्र दिवसका अवसर पारेर खोटाङको दिक्तेलमा आइतबार बृहत् रक्तदान कार्यक्रममा आयोजना गरिएको छ । गणतन्त्र दिवस मूल समारोह समिति खोटाङले नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा खोटाङसँगको सहकार्यमा आयोजना गरेको बृहत् रक्तदान कार्यक्रममा १७ दाताले रक्तदान गरेका छन् ।

जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राई र प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंले रक्तदान गरेर शुभारम्भ गर्नुभएको कार्यक्रममा राष्टि्रय भूमि आयोग खोटाङका अध्यक्ष सुरेशकुमार राई, सशस्त्र प्रहरी बल हलेसी गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक कृष्ण बम, जनता समाजवादी पार्टीका प्रदेश समन्वय समिति सदस्य नवीन राई, रेडक्रस खोटाङका मन्त्री छत्रकुमार बजिमयलगायतले रक्तदान गर्नुभएको छ । सङ्कलित भएका रगत जिल्ला अस्पताल दिक्तेलमा रहेको सङ्कलन केन्द्रमा जम्मा गरेर आवश्यक परेका व्यक्तिलाई निःशुल्क वितरण गरिने आयोजकले जनाएको छ । गणतन्त्र दिवस मूल समारोह समितिले जिल्लामा विभिन्न कार्यक्रम गरी तीन दिनसम्म दिवस मनाउने निर्णय गरेको छ । यही जेठ १४, १५ र १६ गते जिल्लास्थित सबै सरकारी कार्यालय तथा व्यक्तिको घरमा राष्टि्रय झण्डा फहराउने र साँझ दीपावली गर्ने, जेठ १५ गते सम्पूर्ण सरकारी कार्यालय तथा सार्वजनिकस्थलको सरसफाइ गर्ने र अन्तिम दिन जेठ १६ गते 'गणतन्त्र' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ । यसैबीच नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा खोटाङका मन्त्री बजिमयले जिल्लामै सबैभन्दा बढी ५२औँ पटक रक्तदान गरेको दाबी गर्नुभएको छ । "विसं २०६१ मा पहिलोपटक बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## दश महिनामा साढे छ हजार युवा शक्ति बाहिरिए

मन्थली । चालु आर्थिक वर्षको १० महिनामा रामेछाप जिल्लाबाट छ हजार तीन सय ४९ युवा जनशक्ति बाहिरिएका छन् । नेपालमा रोजगारीका अवसर नभएपछि उनीहरू रोजगारीका लागि विदेश पलायन भएका हुन् । मन्थली नगरपालिकालगायत विभिन्न गाउँपालिकाद्वारा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका अनुसार चालु आव २०७९/८० को साउनदेखि वैशाखसम्म रामेछापबाट छ हजार तीन सय ४९ रोजगारीका लागि विदेश गएका हुन् ।


दश महिनाको तथ्याङ्कलाई हेर्दा रोजगारी गर्न रामेछापबाट झन्डै साढे छ हजार मानिस विदेश गएको देखिन्छ । रोजगारीका लागि मलेसिया, युएई, कतार, बहराइन, कुवेत, साउदी अरब र ओमानलगायत देशमा गएको तथ्याङ्कमा उल्लेख छ । सामी कार्यक्रम अधिकृत दीपक केसीका अनुसार चालु आव २०७९/८० को साउनदेखि वैशाखसम्म जिल्ला प्रशासन कार्यालय रामेछापबाट आठ हजार आठ सय ५९ जनाले राहदानी लिएका छन् । यो अवधिमा रामेछापका दुई नगरपालिका र छ गाउँपालिकाबाट एक हजार दुई सय ५० महिला र पाँच हजार ९९ पुरुष वैदेशिक रोजगारीमा गएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम रामेछापका अधिकृत दीपक केसीले बताउनुभयो । मन्थली नगरपालिकाले आज मन्थलीमा आयोजना गरेको एक कार्यक्रममा सो कुराको सर्वाजनिक गरिएको थियो ।

मन्थली नगरपालिकाले वैदेशिक रोजगारीमा जाने आफ्ना नागरिकको वैदेशिक रोजगारीलाई थप सुरक्षित बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन गरिरहेको छ । मन्थली नगरप्रमुख लव श्रेष्ठले यो कार्यक्रममार्फत वैदेशिक रोजगारीमा जाने नागरिकलाई आवश्यक सीप प्रदान गर्ने, विदेश गएकाको परिवारलाई पठाएको पैसालाई उत्पादनको क्षेत्रमा परिचालन गर्न प्रेरित गर्ने, विदेश गएपछि विभिन्न समस्यामा परेका र उनका परिवारलाई आवश्यक परामर्श तथा सहयोग जस्ता कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो । रामेछापको मन्थली नगरपालिका, सुनापति गाउँपालिका, उमाकुण्ड गाउँपालिका र दोरम्बा सैलुङ गाउँपालिकामा अहिले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा ल्याएका छन् ।

## रामेछाप कारागारका ५ जना कैदीको सजाय मिनाहा

कारागार कार्यालय रामेछापबाट ५ जना कैदीबन्दीको सजाय मिनाहा भएको छ । १६ औं गणतन्त्र दिवसका अवसरमा देशभरका कैदीबन्दीले सजाय माफी मिनाहा पाएका कैदीहरुमध्ये रामेछाप कारागारमा रहेका ५ जना पनि कारागार मुक्त भएका हुन् । हमिनाहा पाएर मुक्त हुनेमा कर्तव्य ज्यान मुद्धाका मन्थली नगरपालिका ९ का नवराज भनिने सन्जय तामाङ,उदयपुरका कैला भनिने पर मेश्वर सदा,रामेछापको दोरम्बा शैलुङ ४ का विनोद योन्जन रहेका छन ।

यसैगरी सवारी ज्यान मुद्धाका रामेछापको लिखुतामाकोशी १ का दिपेन्द्र थापा र कविलवस्तुका सन्दिप मौरीयाले कैद सजाय मिनाहा पाएको कारागार कार्यालयका रामेछापका प्रमुख रुपलाल तामाङले जानकारी दिनुभयो ।



## सानिमा बैंकको नयाँ शाखा नवलपरासीको सुनवलमा

सानिमा बैंक लिमिटेडले नवलपरासीको सुनवलमा नयाँ शाखा विस्तार गरेको छ । सुनवल नगरपालिका-४ मा बैंकले नयाँ शाखा स्थापना गरी बैंकिङ्ग सेवा सुरु गरेको हो । उक्त शाखा कार्यालयको उद्घाटन ब्राण्ड प्रवर्द्धक वरिष्ठ



कलाकारद्वय मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडी) तथा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले संयुक्त रूपमा गरे । समारोहमा मह जोडीले नवलपरासीको सुनवलमा सानिमा बैंकको कार्यालय सञ्चालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे ।

त्यसैगरी सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले बैंकका ग्राहक तथा सरोकारवालाहरूलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे । बैंकको देशका सातै प्रदेशमा १३२ वटा कार्यालय र १२२ वटा ए.टी.एम. सञ्चालनमा रहेका छन् ।

## नेपाल एसबिआई बैंक र नेपाल रेमिटबीच सम्झौता

नेपाल एसबिआई बैंक लिमिटेड र नेपाल रेमिट इन्टरनेसनल प्रालिबीच रेमिट्यान्स भुक्तानी प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । अब नेपाल रेमिटका




विभिन्न शाखा, प्रतिनिधि अफिस तथा एजेन्टमार्फत पठाएको रेमिट्यान्स रकम नेपाल एसबिआई बैंकका सम्पूर्ण शाखामार्फत प्राप्त गर्न सकिनेछ ।

बैंकका तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार दे, प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कान्त, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याल तथा नेपाल रेमिटका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सागर खनालको उपस्थितिमा सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत मोहम्मद रिजवान आलम तथा नेपाल रेमिटका नायब महाप्रबन्धक देवबहादुर थापाले हस्ताक्षर गरेका छन् ।

## महालक्ष्मी विकास बैंकद्वारा क्रेडिट कार्ड सेवाको शुभारम्भ

महालक्ष्मी विकास बैंक लिमिटेडले ग्राहकको डिजिटल बैंकिङको आवश्यकता र चाहनालाई मध्यनजर गर्दै भिसा क्रेडिट कार्ड सेवाको शुभारम्भ गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमका बीच क्रेडिट कार्ड सेवाको उद्घाटन गरेका हुन् । उनले




ग्राहकको आवश्यकता, सन्तुष्टि र संस्थागत सुशासनलाई आत्मसात् गर्दै भविष्यमा अझ अत्याधुनिक सरल, सहज र विश्वसनीय बैंकिङ सेवाको पहुँच सारा नेपाली जनतामा पुऱ्याउने प्रतिबद्धतासमेत व्यक्त गरे । क्रेडिट कार्ड प्रयोगकर्ताले पीओएस मेसिन, अनलाइन कारोबार तथा भिजा कार्ड स्वीकार गर्ने एटीएमबाट सजिलै नगद झिक्न सक्नेछन् । कार्डमार्फत नगद झिक्दा, अनलाइन भुक्तानी गर्दा र वस्तु वा सेवाहरू खरिद गर्दा अधिकतम ४५ दिनसम्म ब्याज नलाग्ने, क्रेडिट कार्ड सीमा १५ हजार देखि ५ लाखसम्म पाउने तथा नेपाल भारत र भुटानमा सजिलै प्रयोग गर्न सकिने जस्ता विशेषताहरू क्रेडिट कार्ड सेवामा उपलब्ध रहेको बैंकले जनाएको छ ।

## मुक्तिनाथ विकास बैंक र अरोगिन हेल्थ केयरबीच सम्झौता

मुक्तिनाथ विकास बैंक र अरोगिन हेल्थ केयर प्रा.लिबीच सम्झौता भएको छ । काठमाडौंको विशालनगरमा रहेको अरोगिन हेल्थ केयर सुविधा लिएवापत बैंकको भिषा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकले विभिन्न सुविधामा ४५ प्रतिशतसम्मको छुट पाउने सम्झौतामा उल्लेख छ । अरोगिन हेल्थ केयर ले कपाल प्रत्यारोपण, कपाल झर्ने समस्याको उपचार लगायत छाला, दाँत सम्बन्धी समस्याको हेरचाह सँगै अन्य विभिन्न सुविधाहरु उपलब्ध गराउँदै आएको जनाएको छ । साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटीएम कार्ड प्रयोग गरी नेपालभरी रहेको भिसा नेटवर्कमा आवद्ध अन्य जुनसुकै बैंकको एटीएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको बताएको छ । त्यसैगरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ, क्युआर कोड, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खाता मै रेमिट्यान्स जम्मा गर्ने लगायतका सुविधा दिँदै आएको छ ।

## सिटिजन्स बैंकलाई जर्मनीको बैंकबाट ५० करोड रुपैयाँको पुनर्कर्जा

सिटिजन्स बैंकलाई जर्मनीको केएफडब्लू डेभलपमेण्ट बैंकले करिब ५० करोड रुपैयाँ (३५ लाख यूरो) पुनर्कर्जा लगानी गर्ने भएको छ । यसबाहेक ५ लाख बराबरको प्राविधिक सहयोगसमेत प्रदान गर्ने भएको छ। नेपालको ग्रामीण क्षेत्रमा लघु, घरेलु तथा साना उद्यम व्यवसाय प्रवर्द्धनका लागि केएफडब्लुले लगानी गर्न लागेको हो । स्थापनाकालदेखि नै आफ्नो लगानीको प्राथमिकता लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जामा गर्दै आएको सिटिजन्स बैंकलाई



केएफडब्लुले 'एसइडीआरए III' प्रोजेक्टमा समझदारीको लागि नेपालमा सञ्चालित बैंक तथा वित्तीय संस्थामध्ये बाट चयन गरेको हो । नेपालसँग जर्मन वित्तीय सहयोग परियोजनाअन्तर्गत केएफडब्लुले नेपाल राष्ट्र बैंकसंगको समझदारीमा नेपालमा संञ्चालित बैंक तथा वित्तीय संस्थालाई लघु, घरेलु तथा साना उद्यम व्यवसाय प्रवर्धनका लागि पुनरकर्जा प्रदान गर्दै आइरहेको छ । हरेक नेपालीलाई उद्यमशील बनाई नेपालको अर्थतन्त्र दीगो रुपान्तरण गर्नका लागि लघु, घरेलु तथा सानाउद्यम क्षेत्रको विकाश हुनु पर्छ भन्ने मूलमन्त्रलाई स्थापनाकालदेखि नै स्वीकार गर्दै आएको सिटिजन्स बैंकले यी शिर्षक अन्तर्गत हालसम्म २१,५२६ व्यवसायलाई २५ अर्ब रुपैयाँ बराबरको कर्जा प्रदान गरेको छ । यसमध्ये २८८२ महिला व्यवसायीलाई व्यवसायको सुरक्षणमा सहुलियत व्याजदरमा २ अर्ब रुपैयाँ बराबरको कर्जा प्रदान गरेको छ । यस कर्जाको मद्दतले नेपालमा महिलालाई उद्यमशील बनाई महिला सशक्तिकरणमा टेवा पुऱ्याएको विश्वास बैंकले लिएको छ । यसका साथै सिटिजन्स लघुवित्त कर्जा तथा बचत योजना अन्तर्गत नेपालका ग्रामीण भेगका मध्यम तथा विपन्न वर्ग परिवारका महिलालाई लक्षित गरी सामूहिक जमानीको आधारमा हाल सम्म ५४९२ मध्यम तथा विपन्नवर्ग परिवारलाई व्यवसाय गर्न ७६ करोड रुपैयाँ कर्जा प्रवाह गरिसकेको छ ।

## सांग्रिला डेभलपमेन्ट बैंकद्वारा साइकल र्‍यालीको आयोजना

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले विश्व वातावरण दिवसको अवसर पारेर शनिबार डेभलपमेन्ट बैंकर्स एशोसिएसन नेपालसँगको सहकार्यमा साइकल र्‍यालीको आयोजना गर्ने भएको छ । बैंकले गत वर्ष समेत वातावरण दिवसका दिन पहिलो बृहत साइकल र्‍याली सफलतापूर्वक सम्पन्न गरेकोमा यस वर्षसमेत अझ सशक्तपूर्वक धेरै भन्दा धेरै सहभागिता जुटाई बृहत रुपमा सम्पन्न गर्ने लक्ष्यका साथ दोस्रो "साइकल र्‍याली, २०८०" को आयोजना गर्न लागेको हो ।

"इन्धन जोगाऔं, पृथ्वी बचाऔं" भन्ने मूल नाराका साथ आह्वान गरिएको यो साइकल र्‍यालीमा बैंकका कर्मचारी, गाहकवर्ग, शेयरधनी एवं यस बैंक प्रति सद्भाव राख्ने सम्पूर्ण शुभेच्छुक महानुभावहरुको उत्साहजनक सहभागिता भई सम्पन्न हुनेमा बैंक विश्वस्त रहेको छ । यस साइकल र्‍याली जेष्ठ २० गते शनिवार बिहान ७:०० बजे बैंककै बालुवाटारस्थित केन्द्रीय कार्यालयको प्राङ्गणबाट शुरु भई लगभग १० कि.मी.को यात्रा पश्चात सानो गौचरणमा सम्पन्न गरिनेछ । यस साइकल र्‍यालीबाट सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले वातावरण प्रवर्द्धन प्रतिको आफ्नो उत्तरदायित्वलाई आत्मसात गर्दै इन्धनको मितव्ययिता एवं साइकल जस्तो वैकल्पिक यातायातको साधनको प्रयोग गरी प्रदुषण नियन्त्रणमा टेवा पुऱ्याउनको निम्ति समाजमा चेतना फैलाउन योगदान पुग्ने विश्वास राखेको छ । यस साइकल र्‍यालीमा सम्पूर्ण शुभेच्छुक महानुभावहरुलाई




सहभागिताको निम्ति नाम दर्ता गर्न समेत प्रेस विज्ञप्ती मार्फत आह्वान गरेको छ । यस र्‍यालीमा सहभागी स्वयंले साइकल एवं अन्य आवश्यक उपकरणको व्यवस्था गर्नुपर्नेछ । र्‍यालीमा सम्पूर्ण सहभागीलाई वातावरण दिवसको चिनो स्वरुप विरुवा प्रदान गरिनेछ । यसैगरी, र्‍यालीमा नाम दर्ता गर्ने पहिलो ३०० जनालाई टिसर्टको व्यवस्था गरिएको छ भने "लक्की ड्र" बाट एकजना भाग्यमानी सहभागीलाई साइकल समेत वितरण गरिनेछ । यस साइकल र्‍यालीलाई विभिन्न क्षेत्रका संघसंस्थाहरुको समेत आ-आफ्नो तवरबाट सहयोग तथा साथ लिएर आयोजना गर्न लागिएको बैंकले जनाएको छ । साथै, यस साइकल र्‍यालीको सम्पूर्ण विवरणको निम्ति यस बैंकको आधिकारिक वेवसाइट www.shangrilabank.com मा गई जानकारी लिनुहुन तथा दर्ता गर्नको लागि https//.www.shangrilabank.com.cyclerally मा गई यथाशिघ्र दर्ता गर्नुहुन समेत बैंकले आग्रह गरेको छ ।

## मोबाइल बैंकिङ कारोबार गर्दा सचेत हुन माछापुच्छ्रे बैंकको आग्रह

माछापुच्छ्रे बैंकले मोबाइल बैंकिङ तथा अन्य डिजिटल सेवाको प्रयोग गर्दा सावधानी अपनाउन ग्राहकहरूलाई आग्रह गरेको छ । सो बैंकको रौतहटस्थित चन्द्रपुर शाखाका ग्राहकको खाताबाट रकम हराएको सम्बन्धमा विभिन्न सञ्चारमाध्यमहरूमा आएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै बैंकले सो सम्बन्धमा छानबिन गरेको स्पष्ट पारेको "ग्राहकको गुनासो प्राप्त भएपछि बैंकले अनुसन्धान गर्दा सम्पूर्ण रकम ग्राहकको मोबाइल बैंकिङ प्रयोग गरी अन्य बैंकका विभिन्न खाताहरू तथा खल्ती वालेटमा ट्रान्सफर गरिएको देखिएको छ" बुधबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "बैंकको सिस्टममा कुनै समस्या नदेखिएको र बैंकबाट पठाइएका सम्पूर्ण एसएमएस, एक्टिभेसन कोड तथा ओटीपी ग्राहककै मोबाइलमा गएको देखिएको हुनाले उक्त कोड अनाधिकृत व्यक्तिलाई जानकारी नगराई वा ग्राहकको मोबाइलमा अनाधिकृत पहुँच नपुर्‍याई उक्त कारोबार हुन नसक्ने देखिन्छ ।"

# अर्थ संसार

## एन आई सी एशिया बैंकमा भिडियो कलमार्फत केवाइसी विवरण अद्यावधिक

डिजिटल बैंकिङ्गमा मुलुकको अग्रणी स्थानमा रही सहज बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको यस एन आई सी एशिया बैंकले आफ्ना ग्राहक महानुभावहरूको लागि ल्याएको भिडियो केवाइसी सेवा अन्तर्गत अनलाईन भिडियो कल गरी प्ख्ष्ञ विवरण अद्यावधिक, खाता सुचारु, बचत खाताको स्कीम परिवर्तन, हस्ताक्षर अद्यावधिक तथा मोबाइल नम्बर वा ईमेल ठेगाना अद्यावधिक गर्न सकिने सुविधा ल्याएको छ । अनलाइन खाता खोल्ने ग्राहक महानुभावहरूको लागि भिडियो कलबाटै केवाइसी विवरण अद्यावधिक गर्न सकिने सेवा यस अघि नै सुरुवात गरिसकेको बैंकले अब थप पाँच वटा सेवा समेत यस प्रणालीमा जोडेको हो । घर वा अफिसबाटै लिन सकिने यी पाँच नवीन सेवाहरू बैंकको वेबसाइट nicasiabank.com मा रहेको एप्लाई ल्ध्ध मा ट्याब गरी भि केवाइसीबाट उल्लेखित सेवाहरू मध्ये ग्राहक महानुभावहरूले इच्छाएको सेवा छनौट गरी बैंकलाई अनुरोध गर्न

NIC ASIA

सक्नुहुनेछ र ग्राहक महानुभावले दिएको अनुकुल समयमा बैंकले सम्बन्धित ग्राहक महानुभावलाई सम्पर्क गरी सेवा दिने व्यवस्था मिलाएको छ । परिवर्तित समयअनुरुप परिष्कृत सेवा तथा सुविधाहरू ल्याउने क्रमलाई निरन्तरता दिइरहेको बैंकले उल्लेखित सेवा प्रदान गर्न भिडियो कल गर्दा ग्राहक महानुभावहरूले आफ्नो पहिचान खुल्ने कुनै एक परिचय पत्र (नागरिकता, राहदानी, सवारी चालक अनुमति पत्र वा मतदाता परिचय पत्र) तथा सेतो कागज र कालो वा निलो मसी भएको कलम आफूसँग राखी बैंक कर्मचारीले माग गरे बमोजिमका विवरण तथा कागजात देखाउनु पर्छ । यस नयाँ सेवाको सुरुवातसँगै ग्राहक महानुभावहरूको विद्यमान खातामा नयाँ विवरण राख्नका लागि केवाइसी विवरण अद्यावधिक गर्न, निष्क्रिय खातालाई सुचारु गर्न, चलिरहेको बचत खाता योजनालाई अर्कोमा परिवर्तन गर्न, खातामा रहेको हस्ताक्षर परिवर्तन गर्न र खातामा प्रयोग भएको मोबाइल नम्बर वा ईमेल ठेगाना परिवर्तन भएमा सो अद्यावधिक गर्न भिडियो केवाइसी सेवा निकै नै लाभदायी हुनेछ । हाल ३७ लाखभन्दा बढी ग्राहक महानुभावहरू माझ बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको यस बैंकले ल्याएको यस नवीन सुविधाबाट स्वदेश तथा विदेशमा रहनुभएका लाखौं ग्राहक महानुभावहरूले भिडियो कलबाट सेवा लिन सक्ने हुँदा उक्त सेवा लिन बैंकको शाखा कार्यालयसम्म भौतिकरुपमा उपस्थित हुनुपर्ने झन्झटबाट मुक्ति मिल्ने बैंकले विश्वास लिएको छ । एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०९ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्को अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. १९ अर्ब ९२ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ४१ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ । जुन समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको कम्पनीहरू मध्येको हो । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

## नेपाल इन्भेष्टमेन्ट मेगा बैंक र उपायबीच समझदारी

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड र उपाय सिटि कार्गो प्रालिबीच उपायमा आवद्ध ड्राइभर पार्टनरहरुलाई आधुनिक बैंकिङसहित बीमा लगायतका सुविधाहरु प्रदान गर्ने सम्बन्धी एक समझदारी पत्रमा हस्ताक्षर भएको छ ।



यस समझदारी बमोजिम उपायमा आवद्ध ड्राइभर पार्टनरका लागि आधिकारिक बैंकको रुपमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक रहनेछ । बैंकले कर्पोरेट बेनिफिट सेभिङ एकाउन्ट (एसबीसीबीएस) योजनाअन्तर्गत ड्राइभर पार्टनरहरु सहज भुक्तानीको सुविधासहितको शून्य शेषी खाता जसमा ७ लाखसम्मको दुर्घटना मृत्यु बीमा, १५ हजारसम्मको औषधि उपचार सुविधा र ३५ हजार रुपैयाँसम्मको अस्पताल उपचार सुविधा प्रदान गर्ने जनाएको छ । यो समझदारी अनुरुप नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले उपायको सहकार्यमा ड्राइभर पार्टनरलाई वित्तीय साक्षरता अभिवृद्धि, आधुनिक बैंकिङ सुविधाको प्रयोगमा सरलतालगायतका अन्य विषयमा आवश्यक तालिम तथा अभिमुखिकरण गर्दै जानेछ जसले गर्दा सम्पूर्ण यातायात क्षेत्रमा नै वित्तीय साक्षरता तथा आधुनिक बैंकिङको उपयोगिता थप सहजता हुनेछ ।

# आर्थिक संकुचन समाधानको पहल

केशव आचार्य

विश्वमा सन् २०१९ को अन्त्यतिरबाट कोरोना महामारी सुरु भयो । महामारीको तीव्रत्तर फैलावटका कारण विश्वमै बन्दाबन्दीको अवस्था सिर्जना भयो । नेपालले पनि यसै प्रथाको सिको गर्दै महामारीको फैलावटलाई रोक्न वि.सं २०७६ चैत ११ गतेबाट बन्दाबन्दी सुरु गर्यो । बन्दाबन्दीका कारण उत्पादनले गति लिन सकेन, आयात पनि रोकियो र उपभोक्ताको मागमा पनि कमी हुँदै गयो । उपभोक्ताले घरमा भएको वा आफ्नै खेतबारीमा फलेका उपभोग्य वस्तुबाट गुजारा चलाए । सुरुको बन्दाबन्दीमा अधिक मात्रामा बालीनाली लगाउने काम पनि गरियो तर त्यसले निरन्तरता पाउन सकेन ।

कोभिडको समयमा आयात हुन सकेन, जसले गर्दा उपभोक्ताको मागमा कमी आयो । बन्दाबन्दी सहज हुन थालेसँगै लामो समय रोकिएको कारोबार सञ्चालन गर्न व्यापारीहरूले आयातमा जोड दिए । उत्पादनले त एकैपटक फड्को मार्न सक्ने स्थिति थिएन । तर, आयातमा एक्कासि ठूलो परिवर्तन देखा पर्यो, पछि यसैले निरन्तरता पाउन थाल्यो, जसका कारण वैदेशिक मुद्रा खाली हुने अवस्थामा पुग्यो । जसलाई नेपाल राष्ट्र बैंकले नियन्त्रण गर्न खोज्यो । त्यसको असर सरकारी राजस्वमा पर्यो । राजस्वको लगभग ५० प्रतिशत स्रोत आयात नै थियो । सरकारले ऋणपत्र जारी गर्दा बैंकको पैसा सरकारको खातामा जाने भयो । बैंकले आमनागरिकलाई दिनुपर्ने ऋण सरकारलाई दिएपछि आमनागरिकले पाउने ऋण पाउन सकेनन् । पछिल्ला दिनमा यसले ट्रेजरीलाई समेत नकारात्मक बनाउन थाल्यो ।

बैंक तथा वित्तीय संस्थाले दिएको ऋणको ब्याजसमेत उठाउन सकेनन् । बैंकमा तरलताको समस्या हुन थाल्यो, बैंक तथा वित्तीय संस्थाहरूले ब्याजदर बढाएर बचत बढाउने रणनीति अवलम्बन गरे । दिएको ऋणको व्यवसायीले ऋण, किस्ता र ब्याज तिर्न सकेनन् । बैंकसँग गएर अर्को ऋण लिने, पुरानो तिरेको जस्तो देखाउने काम भयो, यसले ऋण बढेको देखायो तर हातमा नगद भएन । बजारमा तरलता प्रभावले तीव्रता लियो । चालू खर्च बढ्दै गयो, पुँजीगत खर्च गर्न सरकारले सकेन, जसले गर्दा आर्थिक समस्या सिर्जना हुँदै गयो । सरकारले वार्षिक बजेटका कार्यक्रममा वृद्धभत्ता ६८ वर्षमै दिने घोषणा गर्यो, किसानलाई पेन्सन दिने भनेर घोषणा गर्यो ।

संघीयतासँगै कर्मचारी खर्च बढ्दै गयो । कर्मचारीहरू सहरमुखी बन्दै गए । उपत्यकाबाहिर बजेट छुट्ट्याइएको छ, खर्च गर्न सकेका छैनन् । कर्मचारीहरू न्यून उपलब्धिमूलक काममा तलब खाएर बसिरहेका छन् । सरकार वितरणमुखी मात्र बन्यो, उत्पादनमा ध्यान दिएन । नेपालमै उत्पादन गर्न सकिने वस्तुको पनि आयातमै सरकार रमाइरह्यो । कमिसन उसको आम्दानीको प्रमुख स्रोत बन्यो, जसका कारण नेपाली कृषकले प्रश्रय पाएनन् । सरकारले नै बिचौलिया खडा गरेर कृषक र उपभोक्ता दुवैलाई ठग्यो । न किसानले आफ्नो लागत मूल्य पाए, न उपभोक्ताले नै सुपथ मूल्यमा उपभोग गर्न पाए । बिनालगानी र परिश्रमको मूल्य सरकारनजिकका बिचौलियाले लिए । सरकारले पनि बिचौलियबाट केही हिस्सा पाउने भएर हुन सक्छ, उसले बिचौलिया नियन्त्रण गर्न चाहेन ।

पछिल्ला दिनमा सरकारमा संलग्न हुने राजनीतिक दलहरू पनि वितरणमुखी बन्दै गए । उत्पादनमा जोड दिएनन् । उनीहरूले प्रतिस्पर्धात्मक ढंगले वितरणमै जोड दिन थाले । उत्पादन नगर्ने र वितरण मात्र गरिरहने प्रतिस्पर्धालाई अर्थतन्त्रले धान्दैन । दलहरूले अर्थतन्त्रको विषयमा स्पष्ट धारणा बनाएनन्, उनीहरूले केवल वितरणमुखी अर्थतन्त्रमा रमाउने काम गरे । उत्पादन, रोजगारी र आम्दानी उनीहरूको प्राथमिकतामा परेन ।

भोटका लागि मात्र राजनीतिक सोच विकास भयो । उदारवादी अर्थतन्त्रको वकालत गर्दै राजनीति हत्याउन भोटलाई मात्रै हेरियो । उद्योगधन्दा खोलेर भन्दा पनि भोटले सरकारमा पुग्न सहज रहेछ भन्ने नजिर स्थापित गरायो । उदारवादी अर्थतन्त्र विकासको उत्प्रेरक हो भनियो । विदेश जान खुला गरियो । नेपालीहरू संसारभरि जान पाउने भए, पढेका/नपढेका, पढ्ने/मजदुर गर्ने नाममा मान्छे बाहिर जान थाले । उनीहरूले अवसर बाहिरमात्र देख्न थाले । स्वदेशमै पौरख गरेर संघर्ष गरेर आर्जन गर्नुपर्छ सोच पलायन भयो । सजिलोसँग आर्जन कहाँ हुन्छ भन्ने विषयले प्राथमिकता पायो ।

विद्यमान रुस(युक्रेन युद्धले इन्धनमा कार्टेलिङ सिर्जना गर्यो । यसले तेलको मूल्य उच्च बनाइदियो, इन्धन बढेसँगै ढुवानी बढ्यो, बजार मूल्य बढ्यो । दैनिक उपभोग्य वस्तुको उत्पादनमा पनि निर्भर हुन नसकेकाले आयात बढाउनुको विकल्प रहेन । आयात वृद्धि, उत्पादन अति न्यून भएकाले आर्थिक कारोबार सुस्तायो । बैंकहरूले ब्याजदर बढाए, ब्याजदर बढेपछि बजारमा वस्तुको मूल्य महँगो भयो । नेपालको व्यापार आधाभन्दा बढी भारतमा निर्भर रहेकाले डलरको तुलनामा भारु कमजोर हुनाले पनि त्यसको प्रभाव नेपालले खेप्नुपर्यो ।

सिंहदरबारमा अधिकार केन्द्रित भयो, गाउँमा गएन भन्दै संघीयता अवलम्बन गरियो । हाल तीन तहको सरकार विद्यमान छ । कृषिमा युवा आकर्षण गर्न सकिएन, आधुनिक प्रविधिको गफमात्र भयो, सुधारात्मक प्रविधिलाई वास्ता गरिएन । देख्नका लागि नीति तथा कार्यक्रम प्रभावकारी बनाइयो तर कार्यन्वयनमा लगिएन । राजनीतिक अभीष्ट पूरा गर्न युवाहरू परिचालन गरिए, उत्पादन गर्न भन्दा पनि बिगार्न र अवरोध खडा गर्नमा युवाहरू खटिए । त्यसबापत दलबाट पैसा प्राप्त भयो, त्यसैमा उनीहरू रमाए । सामान्य काम वा परिश्रमबिनै आम्दानी हुन थालेपछि युवाहरू काममा आकर्षित भएनन् । चन्दा, सहयोग, चोरी र लुटमा उनीहरूले दिलचस्पी दिन थाले । दण्डहीनताले प्रश्रय पायो । परिश्रमी उत्पादकहरूले पनि उत्पादन गर्न छोडे । विदेशतिर आफ्नो भविष्य देख्न थाले ।

के हुन सक्छ समाधानका उपाय ?

विद्यमान आर्थिक संकुचनबाट उन्मुक्ति पाउन सरकारको ध्यान उत्पादन बढाउनेतर्फ केन्द्रित हुनुपर्छ । नेपालको अर्थतन्त्रलाई बलियो बनाउने आधारभूत क्षेत्र कृषि नै हो । सरकारले मलमा दिएको अनुदान घटाउनु गलत हो, कृषिमा जतिसुकै घाटा हुने भए पनि सरकारले लगानी गरिरहनुपर्छ । खाद्यजन्य नेपालमै उत्पादन गर्न सकिने वस्तुको आयातलाई प्रतिस्थापन गर्नुपर्छ । केही महिनामै उत्पादन गर्न सकिने कृषिमा तत्काल उत्पादनमूलक काम गर्नुपर्छ । केही दिन/महिनामै उत्पादन हुने धान, नगदे बाली, तरकारी, कुखुरा उत्पादनमा जोड दिनुपर्छ । सरकारले यस्ता क्षेत्रमा लगानी गरिदियो भने केही दिनमा त खाद्यान्न तरकारी आयात कम गर्न सकिन्छ । यो उत्पादनलाई निरन्तर रूपमा बढाउन सकिन्छ । अर्बौंको आयात भइरहेकोमा केही बचाउँदै जान थाल्दा अर्थतन्त्रका लागि ठूलो राहत हुन्छ ।

विद्युत् उत्पादन बढाएर खाना पकाउनका लागि यसको प्रयोगमा जोड दिने नीति गर्नुपर्छ । कृषि अनुदानको दुरुपयोग नहुने गरी कार्य गर्नुपर्छ । कृत्रिम किसान खडा गर्ने संस्कारलाई रोक्नुपर्छ । जैविक मलको उत्पादन र प्रयोगलाई प्रश्रय दिनुपर्छ । रासायनिक मलको प्रयोग बिस्तारै घटाउँदै लैजानुपर्छ । स्नातक सकेपछि मात्र विदेशमा पढ्न जान दिने, सीप भएका मजदुरमात्र बाहिर पठाउने व्यवस्था मिलाउनुपर्छ । नयाँ सुधारात्मक प्रविधिको खोजी गर्नुपर्छ, खोज, अनुसन्धानलाई जोड दिनुपर्छ । विदेशी वस्तुको उपभोगमा कमी ल्याउन सुविधा र आरामदायी वस्तुभन्दा पनि अति आवश्यक वस्तुको आयातलाई ध्यान दिनुपर्छ । उत्पादनमूलक, आध्यात्मक र धैर्यवान् शिक्षाको विकासमा जोड दिनुपर्छ । गर्नुपर्ने थियो तर बहुदल आउनेबित्तिकै अनुसन्धान गर्ने कुरा पनि बन्द गरिदियो । काम नगरी खाने र लाहुरे बन्ने संस्कृतिलाई रोक्नुपर्छ ।

रेमिटेन्सबाट भएको वैदेशिक मुद्राको सञ्चितिमा रमाउनेभन्दा पनि वस्तु निर्यातबाट कसरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भन्नेतर्फ सोच्न आवश्यक छ । उच्च ब्याजदरलाई न्यूनीकरण गर्ने उपाय खोज्नुपर्छ । उच्च ब्याजदर तिरेर उद्योग चल्न/चलाउन सकिँदैन । उच्च ब्याजदरको लगानीबाट उत्पादन गर्दा उत्पादन लागत बढ्दा बजार मूल्य महँगो हुन्छ । बजारमा वस्तुको खपत हुँदैन । उपभोग नै नभएपछि रोजगारी सिर्जना हुँदैन, रोजगारी नै नभएपछि उपभोक्ताको किन्ने क्षमता नै न्यून भएर जान्छ । तसर्थ कृषिमा जाने पैसा कटौती गर्नु हुँदैन, मलमा अनुदान दिनैपर्छ । किसान र उद्योगलाई बढावा दिने नीति बनाउनैपर्छ । उद्योगका लागि लिएको ऋणको ब्याजदर उद्योगमा चाहिने कच्चापदार्थको भन्सार करमा, कृषिको उत्पादनमा दिइने अनुदान, सहुलियतका लागि पैसा कटौती गर्नै हुँदैन ।

गैरकानुनी राजनीतिक झुन्डबाट पनि अर्थतन्त्र प्रभावित बन्नुपर्ने ?

केही समयअघिदेखि बैंकबाट लिएको ऋण तिर्नु पर्दैन भन्दै एउटा झुन्ड आन्दोलनमा लागेको छ । अर्को थरी कर तिर्दैनौं भन्दै सडकमा उत्रिएका छन् । वास्तवमा कर सरकारी सेवासुविधाको प्रयोग गरेबापत हरेक नागरिकले तिर्ने अनिवार्य रकम हो । कर नै सरकारको आम्दानी हो, यसबाट सरकारी सेवाप्रदायक, सेना, प्रहरी र तिनका परिवारको खाने मेसो जुटेको छ । कर सरकारले जनताबाट उठाउँछ र जनतालाई नै फिर्ता गर्छ ।

निजी क्षेत्रमा पनि सरकारको नीतिका कारण रोजगारी सिर्जना भएको हो । त्यसैले कुनै पनि नागरिकले कर तिर्दिनँ भन्न पाउँदैन, कर घटाइदेऊ भन्न सक्छ । अहिले तिर्न सकिनँ, समय देऊ भन्न सक्छ तर तिर्दिनँ भन्न पाइँदैन । ब्याजदर घटाइदेऊ भन्न सकिएला तर ऋण तिर्दिनँ भन्न पनि पाइँदैन । यस्ता गलत हर्कत गर्ने अभ्यासले अराजकता निम्त्याउँछ । यसमा सरकार सजग हुन आवश्यक छ । नत्र यस्ता हर्कतले मुलुकको अर्थतन्त्रको इकोसिस्टमलाई खलल पुर्याउँछ ।

अहिले आर्थिक संकट चरम छ, सडकमा मान्छे जुलुस गर्न थालेका छन् । सरकार आफ्नै स्वार्थमा लट्पटिएको छ । मन्त्रालयले पूर्णता पाउन सकेको छैन । वितरणमुखी कार्यक्रमको जरुरी छैन । पुँजीगत खर्च एक त खुम्चिएको छ, त्यो पनि वर्षमा खर्च हुन सकेको छैन । मुख्य परियोजना पछि परेका छन् । यस अवस्थामा उत्पादनप्रति उदार भावना भएको आर्थिक कार्यक्रम आवश्यक छ । राजनीतिमा गुण र क्षमताका आधारमा पहिचान बन्ने स्थिति बन्नुपर्छ, जसले गर्दा उनीहरूलाई आलोचना र गालीबाट मुक्त गर्न सकिन्छ । आमनागरिक पनि नेपालले किन गर्न सकिरहेको छैन भन्दै नेपालको भूराजनीति जटिलतालाई अध्ययन गर्न बाध्य बन्छन् ।

सम्पत्ति शुद्धीकरण निवारणको मामिलामा पनि नेपाल कमजोर भयो भन्ने छ । त्यसमा हाम्रो पनि केही कमजोरी होला । हुन्डीलाई अवैधभन्दा पनि आवश्यक प्रक्रिया अपनाएर वैध बनाउन आवश्यक छ । अर्थतन्त्रमा उत्पादनको भूमिका सबैभन्दा ठूलो हुन्छ, यसैबाट रोजगारी आय सिर्जना हुन्छ । सरकारले कृषिजन्य उत्पादनलाई जोड दिएर नै संकुचन समाधान गर्न सक्छ ।

कारोवार

# टोखा ग्रिनल्याान्डमा कृषक गुप्र प्रालिद्धारा मिनी हाईपर मार्ट संचालन

काठमाडौ । काठमाडौँको टोखा ग्रीनल्यान्डमा 'कृषक गुप्र प्रालिले एक करोड लगानीमा मिनी हाईपर मार्ट् सञ्चालनमा ल्याएको छ । नेपाली कृषकको उत्पादनलाई बजारीकरण गर्ने मुख्य ऊद्देश्यका साथ सञ्चालनमा आएको उक्त प्रालिको सोमबार टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले उदघाटन गरी कार्य आराम्भ गरेका छन् । कार्यक्रममा नगरप्रमुख अधिकारीले टोखा नगरपालिका कृषक र व्यवसायीको सम्बर्दन र प्रबर्दनमा लाग्ने बताए । "टोखाभित्रका कृषकलाई प्रोत्साहन गर्नका लागि टोखाले किसानलाई निःशुल्क विउविजन वितरण, मलको डिपो थाप्नेलाई अनुदान, हाते ट्याक्टर वितरण गर्दै आएको मेयर अधिकारीले बताए । टोखाले फलफुलका विरुवा वितरण, व्यवसायिक किसानलाई तालिम प्रदान, जैविक तथा रासयिनिक मल वितरण, फोहोर व्यवस्थापन गरी कम्पोष्ट मल बनाउने तालिम प्रदान गरेको नगरप्रमुख अधिकारीले बताए । टोखा नगरपालिकाले घना वस्तीमा कौशीखेतीलाई प्राथमिकता दिएर आवश्यक तालिम प्रदान गरेको छ ।

टोखाले चालू आर्थिक वर्षमा स्थानीय तह, प्रदेश सरकार र संघ सरकारबाट गरी रु एक करोड ५० लाख कृषि क्षेत्रमा विनियोजन गरेको छ । टोखा नगरपालिका वडा नं ८ का वडाअध्यक्ष रमेश खत्रीले किसानबाट उत्पादित वस्तुलाई बजारसम्म लैजानका लागि टोखाले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । 'उत्पादन देखि उपभोक्ता' भन्ने मूल नारालाई अगाडि बढाएको उक्त मार्टले किसानले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुर्याउने प्रालिका प्रमुख कार्यकारी अधिकृत दिपक न्यौपानेले बताए । उक्त मार्टमा सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काठमाडौँ, भक्तपुर, काभ्रेपलाञ्चोक र ललितपुरमा उत्पीदत मासुजन्य तथा अण्डा, फलफुल तथा तरकारी जन्य, अर्गानिक खाध्य सामान, दूध तथा डेरी बेकरी जन्य, लाइब किचन, खाजा स्टेसन, बबलटी, आइसत्रिम, पपकन, तथा चिप्स, ग्यास तथा जारको पानी, फ्रेस मिट, सिफुड, फ्रोजन अर्गानिक खाधान्न सामाग्री विक्रिका लागि राखिएका छन । कृषकलाई बजारसम्म सजिलै पहुँच विस्तार गर्नका लागि मार्ट सञ्चालन गरिएको सिईओ न्यौपानेले बताए । शुभारम्भ कार्यक्रममा सत्यम नेचर केयर अस्पतालका अध्यक्ष पुरुषोत्तम कोइराला, जनसबाल राष्ट्रिय दैनिकका सम्पादक रामजी बगाले, रे टेलिभिजनका अध्यक्ष प्रकाशबाबु पौडेललगायतले नाफाभन्दा समाजसेवा लाई ध्यानमा दिएर कृषकबाट उत्पादित वस्तुलाई बजारसम्म लैजान मार्टले सहयोग पुर्याउने विश्वास व्यक्त गरे । उक्त मिनी हाईपर मार्ट् प्रालिले सर्बसाधारणको सुबिधा लाई ध्यानमा राखी सार्बजनिक शौचालय पनि सञ्चालन गरेको छ । मार्टले ब्यावसायिक फाइदासँगै सामाजिक कार्यमा पनि योगदान दिने बताएको छ ।

# खेलकुद

## अन्तर्राष्ट्रिय महिला भलिबलमा नेपाल तेस्रो

काठमाडौँ । नेपालले उज्वेकिस्तानलाई पराजित गर्दै एनएससी काभा (सेन्ट्रल एसियन भलिबल एसोसिएसन) महिला भलिबल च्यालेन्ज कपमा तेस्रो स्थान हासिल गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् ( राखेप) को कभर्डहलमा आज तेस्रो स्थानका लागि भएको खेलमा नेपालले उज्वेकिस्तानलाई ३-१ को सेटमा पराजित गर्दै तेस्रो भएको हो । खेलमा पहिलो सेट गुमाएको नेपालले त्यसपछिको लगातार तीन सेट आफ्नो पक्षमा पार्दै जित निकाल्यो । हारसँगै उज्वेकिस्तान भने चौथो स्थानमा रह्यो । त्यसैगरी प्रतियोगितामा श्रीलङ्का पाँचौं, कीर्गिस्तान छैटौं, माल्दिभ्स सातौं र बङ्गलादेश आठौं स्थानमा रह्यो ।

खेलमा पहिलो सेट उज्वेकिस्तानले २५-२० ले आफ्नो पक्षमा पार्यो । त्यसपछि नेपालले खेलको दोस्रो सेट २५-१६ ले जितेर खेलमा फर्किएयो । यसैगरी खेलको तेस्रो सेट  २५-१५ र चौथो सेट २५-१३ ले जित्यो ।  प्रतियोगिताको उपाधिका लागि भारत र काजकिस्तानबीच भिडन्त हुनेछ । उक्त खेल दिउँसो ४:१५ बजे सुरु हुनेछ । राखेपको विशेष सहयोग तथा नेपाल भलिबल सङ्घको आयोजनामा जारी उक्त प्रतियोगितामा विभिन्न आठ टोलीको सहभागिता रहेको छ ।

## महेन्द्रनारायण निधि टि २० क्रिकेट प्रतियोगिता

जनकपुरधाम । जेठ १५ देखि २६ गतेसम्म जनकपुरधाममा महेन्द्रनारायण निधि टि-२० क्रिकेट प्रतियोगिता-८० हुने भएको छ । मधेस प्रदेश क्रिकेट सङ्घ धनुषाले जनकपुरधाममा पत्रकार सम्मेलन गरी यही जेठ १५ देखि २६ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो । सङ्घका अध्यक्ष हिरा भगतले मधेस प्रदेश शिक्षा तथा समाज कल्याण मन्त्रालयको प्रमुख सहयोगमा १५ गतेदेखि आयोजना हुने प्रतियोगितामा सातै प्रदेशका एक/एक गरी सात टिमको सहभागिता रहने र खेल राम जानकी बहुउद्देश्यीय खेल मैदानमा खेलाइने जानकारी दिनुभयो । सो अवधिमा २२ वटा खेल हुनेछन् । यसअघि जिल्लास्तरमा आयोजना भएको प्रतियोगिता पहिलो पटक प्रदेशस्तरमा आयोजना गर्न लागेको उहाँले बताउनुभयो । प्रतियोगितामा विजेता टिमलाई रु तीन लाख र उपविजेताले रु दुई लाखसहित कप, मेडल र प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगिताको कूल लागत कूल ७० लाख लाग्ने अनुमान गरिएको जिल्ला क्रिकेट सङ्घ धनुषाका सचिव आसिसकुमार झाले बताउनुभयो । पत्रकार सम्मेलनमा शिक्षा तथा समाज कल्याणमन्त्री महेशप्रसाद यादवले नेपालको लोकतान्त्रिक आन्दोलनका अगुवा नेता महेन्द्रनारायण निधिको स्मृतिमा प्रतियोगिता आयोजना गर्न लागिएकोले यसलाई सफल बनाउन सबैबाट सहयोगको अपेक्षा गरिएको बताउनुभयो । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले पनि जनकपुरधाममा खेलकुद गतिविधि बढाउने उद्देश्यले यसअघि मेयरकप क्रिकेट प्रतियोगिता सम्पन्न गरिएको र १५ गतेदेखि हुने प्रतियोगिता त्यसकै निरन्तरता भएको बताउनुभयो । उहाँले लोकतान्त्रिक आन्दोलनका नेता निधिको स्मरणसँगै सरकारलाई यहाँ बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला बनाउन ध्यानाकर्षणका लागि पनि महत्त्वपूर्ण हुने धारणा राख्नुभयो ।

## महिला क्रिकेट : नेपाल मलेसियासँग पराजित

काठमाडौँ । पाँच खेलको ट्वान्टी ट्वान्टी अन्तर्राष्ट्रिय शृङ्खलाको पहिलो खेलमा नेपाल मलेसियासँग पराजित भएको छ ।

मलेसियाको वाइएसडी यूकेएम ओभल क्रिकेट मैदानमा आज भएको खेलमा नेपाल मलेसियासँग पाँच विकेटले पराजित भएको हो । नेपाली महिला टोलीले मलेसियासँग पहिलो पटक हार व्यहोरेको हो । यसअघि मलेसियासँग भएका तीन टी(ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा नेपाल अपराजित रहेको थियो । यस जितसँगै अन्तर्राष्ट्रिय सिरिजमा नेपालविरुद्ध पहिलो जित हात पारेको मलेसियाले १(० को अग्रता बनाएको छ ।

खेलमा नेपालले दिएको ५१ रनको सामान्य लक्ष्य मलेसियाले १३ दशमलव २ ओभरमा ५ विकेट गुमाएर पूरा गर्यो । मलेसियाका लागि वान जुलियाले सर्वाधिक १३ रनको योगदान दिइन भने हमिजाहले अविजित १२ रन बनाइन् । त्यसैगरी इना नजवा ८ रनमा अविजित रहिन् । नेपाली टोलीकी कप्तान रुविना क्षेत्री र सीता रानामगरले समान २/२ विकेट झारे भने कविता कुँवरले १ विकेट लिइन् ।  त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नेपाल १६ दशमलव ५ ओभरमा ५० रनमा समेटियो । नेपालको लागि सम्झना खड्काले सर्वाधिक १३ रन बनाइन् भने ज्योति पाण्डेले ११ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ मलेसियाका लागि नीरनुर अतिलाले ३ विकेट लिए भने ऐश्या एलिसा, हमिजाह र महिराह इश्लामीले समान २/२ विकेट लिइन् । उक्त सिरिजअन्तर्गत मलेसिया र नेपालबीचको दोस्रो खेल भोलि हुनेछ ।

## आईपीएल क्रिकेटको उपाधि चेन्नईलाई : गुजरात ५ विकेटले पराजित

काठमाण्डौ - इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटको उपाधि चेन्नई सुपर किङ्गसले जितेको छ । गएराति भएको फाइनल खेलमा गुजरात टाइटन्सलाई डकवर्थ लेविस पद्धतिको आधारमा ५ विकेटले हराउँदै चेन्नई पाँचौं पटक च्याम्पियन बन्यो । जितसँगै चेन्नईले मुम्बई इन्डियन्ससँग उपाधिमा बराबर गरेको छ । डक वर्थ लेविसमा ओभर घटाउँदै चेन्नईले १५ ओभरमा १ सय ७१ रनको लक्ष्य पाएको थियो । चेन्नईले यसअघि सन् २०१०, २०११, २०१८ र २०२१ मा उपाधि जितेको थियो । वर्षाको कारण खेल पाँच ओभर घटाइएको थियो । सुरुमा २ सय १५ रनको लक्ष्य पाएको चेन्नईले पहिलो ओभरमा नै पानी परेपछि खेल रोकिएको थियो । चेन्नईका डेभन कन्वे ४७ तथा ऋतुराज गायकवाड २६ रनमा आउट भए । शिवम् दुबे ३२ रनमा र रविन्द्र जडेजा १५ रनमा अविजित रहे । गुजरातका मोहित शर्माले ३ विकेट लिए । त्यस्तै, नुर अहमदले २ विकेट लिए । त्यसअघि अहमदाबादमा टस हारेर पहिला ब्याटिङ गरेको घरेलु टोली गुजरातले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २ सय १४ रन बनाएको थियो । गुजरातका साई सुदर्शनले सर्वाधिक ९६ रन जोडे । ऋद्धिमान शाह ५४ रनमा तथा शुभमन गिल ३९ रनमा आउट भए । चेन्नईका मथिसा पाथिरानाले २ विकेट लिए । दीपक चाहर र रविन्द्र जडेजाले समान एक/एक विकेट लिए । महेन्द्रसिंह धोनीको टोली चेन्नई पाँचौँपल्ट च्याम्पियन बन्दा साविक विजेता गुजरात उपाधि रक्षा गर्न असफल भयो ।

## अझै.......

बढ्दै गएको लगानीका कारण सामाजिक क्षेत्रका परिसूचकमा क्रमिक सुधार हुँदै गई मानव विकास सूचकाङ्क सन् १९९० देखि २०२१ सम्म वार्षिक औसत एक दशमलव ३४ प्रतिशतले बढेको छ", आर्थिक सर्वेक्षणमा भनिएको छ । सरकारी तथा निजीस्तरबाट सञ्चालित कार्यक्रमबाट निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घट्दै गए पनि आन्तरिक रोजगारीमा पर्याप्त अवसर नहुँदा उचित अवसरको खोजीमा युवाशक्ति वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।

विसं २०७९ फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५५ लाख २६ हजार सात सय चार रहेको आर्थिक सर्वेक्षणबाट देखिन्छ । वैदेशिक रोजगारीमा गएकामध्ये पुरुष ९४ दशमलव चार प्रतिशत र महिला पाँच दशमलव छ प्रतिशत छन् । चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि फागुनसम्म मात्रै तीन लाख ३७ हजार १ सय ४४ ले श्रम स्वीकृति लिएका छन् । सोही अवधीसम्म वैदेशिक रोजगारीका लागि ईपिएस प्रणालीमार्फत् ८५ हजार आठ सय चार कामदार दक्षिण कोरिया गएका छन् ।

सीप विकास तालिम प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गत आव २०७९/८० को फागुनसम्म नौ सय २५ जनालाई विभिन्न क्षेत्रमा वैदेशिक रोजगारसम्बन्धी व्यावसायिक तथा सीप विकास तालिम दिइएको छ । ठूलो सङ्ख्यामा युवाहरु वैदेशिक रोजगारीमा जानुको मुख्य कारण नेपालभित्र बढ्दो बेरोजगारी हो । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत यस आवको फागुनसम्म सात सय ३५ स्थानीय तहले ८ लाख ४१ हजार तीन सय ७८ बेरोजगार व्यक्ति सूचीकृत गरेका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित कार्यक्रमबाट उक्त अवधिमा एक लाख ३१ हजार चार सय ७१ व्यक्तिले आंशिक रोजगारी र एघार हजार तीन सय ३३ व्यक्तिले पूर्ण रोजगारी प्राप्त गरेको सर्वेक्षणमा उल्लेख छ ।

## गणतन्त्र......

चेन्ज गरेर हुदा हुदा मोवाईल इन्जिन पार्टीहरु समेत देशमा स्थापना भए, जसमा विवेकशील पार्टी, जसको नेतृत्व उज्वल थापाले गर्दथे तर कोरोना कालमा उनको मृत्यु रहस्यमय ढंगवाट भयो । त्यसपछि मोवाईल ईन्जिनको रुपमा उदाएको पार्टीको नाम राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रहेको छ ।

तर जे जे उदाए पनि अस्ताए पनि देश यतिवेला आर्थिक संकटमाको भुमरीमा छटपछटाई हरेको छ । नेपाली जनतालाई गणतन्त्र स्थापना भएको १५ बर्षमा उपहार यहि दिएको छ ।

गणतन्त्र स्थापना पछि बनेको संविधानले तय गरेको संघियता, सघियता सहितको विकेन्द्रीकृत राज्य प्रणाली तीन तहको सरकार देशमा लागु गरेपछि देशभरी छरिएर गएको बजेट सकिने तर उपलब्धि केही प्राप्त नहुने जस्ता समस्या आउन थाले गणतन्त्र भनेको जनताको शासन भनिएको भएपनि जनताले अनुभुति गर्न पाउने कुनै उत्पादनमुलक उद्योग कलकारखाना कतै यो १५ बर्षका खुलेनन् ।

कागजमा खोलेकाहरुले सरकारले दिने सहुलियत दरमा ऋण लिए चलाए त्यो स्थानीय रुपमा जुन पार्टीले जितेको छ । त्यहा त्यही पार्टीको हाली मुहाली कार्यकर्ता पाल्ने, पोष्ने कामले नत गणतन्त्रले दिएको नीतिले त्यहा छोयो, नत ऐन कानुनले त्यहा छोयो । यस्ता बिकृतिहरु बढ्दै जादा नेपालको पहिलो जुटमिल जो राणा शासनकालमा विराटनगरमा स्थापना भएको थियो । त्यो जुटमिलको मेशिन मात्र काहा हो र त्यस भवन बन्न प्रयोग भएको ईट्टा समेत बेचेर देशलाई उद्योग विहिन बनाउने काम गणतन्त्रले गरेको सवैलाई थाहा नै छ । गणतन्त्र पछि पाएका उपहारहरु यस्ता छन् ।

देशमा आर्थिक संकट चुलिएर जान थालेपछि सरकारले विलासिताका सामानहरुमा कडाई गरेर अटो क्षेत्रमा समेत ८ महिनासम्म रोकावट गरेको थियो अझै पनि बिभिन्न क्षेत्रमा सामान ल्याउन नपाउने भनेर रोकावट गरेको छ । बैदेशिक मुद्रा अर्थात डलर राष्ट्र बैकका कम हुदै गएको प्रक्षपण हुदै आएको छ ।

सरकारले अरु त अरु सञ्चार क्षेत्रलाई दिदै आएको लोक कल्याणकारी विज्ञापन बापतको मार्षिक साढे २ करोड दिन नसक्ने अवस्था पुगेको छ । अन्य क्षेत्रहरुमा त्यसैगरी बजेट कटौती गरेको छ ।

देशमा रोजगार सृर्जना गर्न नसक्दा युवा पुस्ता देश छोडेर लाईन बस्दै कोही पढ्ने बाहानामा कोही वकिङ भिसामा विदेश गईरहेका छन् । देश खाली हुदै गईरहेको छ ।

एकजना विश्लेषकको भनाईलाई आधार मान्ने हो भने विदेशीले एकपछि अर्को गर्दै नेपालमा वास्तविक देशको हितमा काम गर्नेहरुलाई कहिल्यै अवसर नदिने र निरुत्साहित गर्ने त्यसपछि त्यो नेपालको हित चिताउने व्यक्ति हैरान भएर देश छोडेर अन्तै जाने त्यसपछि अन्य मुलुकवाट आएका मानिसरुको बाहुल्यता बढ्ने नेपाली समुदायलाई नेपालमा अल्पमतमा पार्ने र नेपालको अस्तित्व समाप्त पार्ने विदेशी योजना रहेको हुदा नेपालमा वेला वेलामा केही न केही बाहानाहरु एकपछि अर्को गर्दै युज एण्ड थ्रोका नेताहरु आइराख्ने गरेको ति विश्लेषकको विश्लेषण छ । उनैले यस्ता बिषयमा सर्तक सजग हुनुपर्ने सुझाव राखेका छन् ।

तर समय निक्कै अप्ठ्यारो अवस्थवाट देश गुज्रीरहेको छ । देशमा गणतन्त्र दिवशको अवसरमा टुडिखेलमा पुष्पबृष्टि भइरहदा, दशका महत्वपूर्ण व्याक्तिहरुले सलामी पाईरहदा देशका बिभिन्न ठाउहरुमा अभावले आक्रान्त बनेका जनताहरुको विद्राहको टुकडीहरुले तातो घाममा आन्दोलन गरिहरको देखिन्छ । यसको संकेत केहो ?

जे जे व्यवस्था ल्याए पनि आएपनि नेपाली जनताले यस्तै अभाव तनाव र आर्थिक संकट मात्रै व्यहोर्नु पर्ने हो त ? यस्ता समस्याको वातावरण यो १५ बर्षमा नेपाली जनताले बनाईदिएका हुन ? त्यो त होइन । नीति बनाउने को ? संविधान लेख्ने को ? कार्यन्वयन गर्ने निकाय कुन ? जवाफदेही हुनुपर्दैन ? यसरी १५ बर्षमा देशको अर्थतन्त्र नै खल्बल्याउने उपहार दिने गणतन्त्रलाई नेपाली जनताले संरक्षण गर्छन की ! के गर्छन । जनता नै जनार्दण ।

## शुन्य......

सृजनात्मक गैरआख्यान 'शून्यको मूल्य'लाई दिने निर्णय गरिएको गुठीले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ । साहित्यिक पत्रकार उत्तम कुँवरको स्मृतिमा उनकी धर्मपत्नी शान्ति कुँवरले २०४४ सालमा स्थापना गरेको यो पुरस्कार उत्तम कुँवर जन्मजयन्ती ( जेठ १२)मा प्रदान गरिने चलन छ । कुँवरले लेखेको साहित्यिक प्रोफाइलको गैरआख्यान कृति 'स्रष्टा र साहित्य'ले २०२३ सालमा मदन पुरस्कार पाएको थियो ।

## यामाहा.....

स्मार्ट मोटर जेनेरेटरलाई गतिरोधको समयमा शक्ति सहायता प्रदान गर्छन् । साइलेन्ट स्टार्टर समेत भनेर चिनिने यो प्रविधिकै कारण इलेक्ट्रिक मोटरको रुपमा दोब्बर क्षमता हुन्छ । शुरुमा पिकअप लिदा इन्जिन र ब्याट्री पावर दुवै प्रयोग हुने हाइब्रिड प्रविधिको स्कुटर भएकाले यो अहिले धेरैको रोजाइमा पर्ने गरेको छ । यसले इन्धनको बचत गर्नुका साथै समग्र सवारी अनुभवलाई पनि बढाउछ ।

१४५ एमएमको ग्राउन्ड क्लियरेन्स र ९९ किलोग्राम मात्र तौल भएको सो स्कुटरमा युनिफाइड ब्रेकिङ सिस्टम ( यूबीएस), साइड स्ट्यान्ड इन्जिन कटअफ फङसन र २१ लिटर अन्डर सिट स्टोरेज लगायतका सुविधा छन् ।

रे जेडआर १२५ हाइब्रिड पुनः डिजाइन गरिएको, पूर्ण रुपमा डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर र स्ट्यान्डर्ड एलईडी हेडल्याम्प सहितको विशेषताले सुसज्जित छ,

जसले अधिकतम भिजिबिलिटी र सुविधा सुनिश्चित गर्छ । यसमा आइडियल स्टार्टरस्टप टेक्नोलोजीको प्रयोग गरिएको छ । साथै पावर एसिस्टको प्रयोग गरिएकोले उकालो बाटोमा चलाउँदा पनि यसले ठूलो आवाज गर्दैन ।

## सरकार......

आधारमा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई रु ५८ अर्ब ६७ करोड र स्थानीय तहलाई रु ८७ अर्ब ३५ करोड गरी जम्मा रु एक खर्ब ४६ अर्ब दुई करोड वित्तीय हस्तान्तरण गरिने अर्थमन्त्री डा प्रकाशशरण महतले बताए । आगामी आर्थिक वर्ष २०८०/८१ मा ससर्त अनुदानतर्फ प्रदेशलाई रु ३५ अर्ब ७२ करोड र स्थानीय तहलाई रु एक खर्ब ९१ अर्ब ८९ करोड गरी जम्मा रु दुई खर्ब २७ अर्ब ६१ करोड विनियोजन भएको छ ।

त्यसैगरी, समपूरक अनुदानतर्फ प्रदेशलाई रु ६ अर्ब २२ करोड र स्थानीय तहलाई रु सात अर्ब पाँच करोड गरी जम्मा रु १३ अर्ब २७ करोड विनियोजन गरिएको छ। विशेष अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमशः रु चार अर्ब ४६ करोड र रु आठ अर्ब ७३ करोड विनियोजन गरिएको छ । राजस्व बाँडफाँटबाट प्रदेश र स्थानीय तहमा जम्मा रु एक खर्ब ७३ अर्ब ९२ करोड रकम हस्तान्तरण हुने अर्थमन्त्री डा महतले बताए। ससर्त, समपूरक र विशेष अनुदान कार्य प्रगतिका आधारमा मात्रै हस्तान्तरण हुने व्यवस्था गरिएको उनले बताए ।

### कुन मन्त्रालयलाई कति बजेट ?

सरकारले आउँदो आर्थिक वर्ष २०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ बराबरको बजेट विनियोजन गरेको छ । कुल विनियोजनमध्ये चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ (६५ दशमलव २० प्रतिशत), पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड रुपैयाँ (१७ दशमलव २५ प्रतिशत) रहेको छ भने वित्तीय व्यवस्थातर्फ तीन खर्ब सात अर्ब ४५ करोड रुपैयाँ (१७ दशमलव ५५ प्रतिशत) छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा दुई दशमलव ३७ प्रतिशतले कम र संशोधित अनुमानको तुलनामा १६ दशमलव ३७ प्रतिशतले बढी हो । आउँदो आर्थिक वर्षमा सबैभन्दा बढी गृह मन्त्रालयका लागि एक खर्ब ९४ अर्ब, १६ करोड ५३ लाख रुपैयाँ बराबरको बजेट विनियोजन भएको छ । सबैभन्दा कम कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका लागि ७७ करोड ५६ लाख रुपैयाँ विनियोजन भएको छ । अर्थ मन्त्रालयका लागि ४७ अर्ब २७ करोड ६५ लाख रुपैयाँ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका लागि ९ अर्ब ४५ करोड ९६ लाख रुपैयाँ, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका लागि ८७ अर्ब ४५ करोड चार लाख रुपैयाँ बजेट विनियोजन भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका लागि ५८ अर्ब ९८ करोड २१ लाख रुपैयाँ, खानेपानी मन्त्रालयका लागि २८ अर्ब १५ करोड ५६ लाख रुपैयाँ, संस्कृति, पर्यटन तथा नागरिक उययन मन्त्रालयका लागि ११ अर्ब ९६ करोड २६ लाख रुपैयाँ, परराष्ट्र मन्त्रालयका लागि छ अर्ब दुई करोड ५७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

वन तथा वातावरण मन्त्रालयका लागि १५ अर्ब ५५ करोड ८७ लाख रुपैयाँ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि सात अर्ब २४ करोड ६६ लाख रुपैयाँ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका लागि एक खर्ब ३४ अर्ब ३९ करोड ९६ लाख रुपैयाँ, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि एक अर्ब ५७ करोड ६२ लाख रुपैयाँ, युवा तथा खेलकुद मन्त्रालयका लागि दुई अर्ब ८७ करोड ५९ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

त्यस्तै, रक्षा मन्त्रालयका लागि ५८ अर्ब ८४ करोड ४६ लाख रुपैयाँ, सहरी विकास मन्त्रालयका लागि ६६ अर्ब १७ करोड ५५ लाख रुपैयाँ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि एक खर्ब ९७ अर्ब २९ करोड ५५ लाख रुपैयाँ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका लागि आठ अर्ब ७१ करोड ६७ लाख रुपैयाँ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका लागि नौ अर्ब ९६ करोड ६२ लाख रुपैयाँ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि ८३ अर्ब ९९ करोड १८ लाख रुपैयाँ, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि आठ अर्ब आठ करोड २७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

### सरकारले ब्युँतायो सांसद विकास कोष

सरकारले सांसद विकास कोष ब्युँताएको छ । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेटबाट सांसद विकास कोषको नाममा दिने गरेको बजेट हटाएका थिए । आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले सांसद विकास कोष ब्युँताएको जानकारी दिएका छन् । 'संसदीय पूर्वाधार विकास कार्यक्रम' अन्तर्गत प्रतिनिर्वाचन क्षेत्र ५ करोड रुपैयाँ छुट्याइएको जानकारी मन्त्री महतले दिए । २ जेठमा कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमै उनले सांसद विकास कोष ब्युँताउने संकेत गरेका थिए । उनले कोष ब्युँताउने सुझाव आएको बताएका थिए । सुशील कोइराला प्रधानमन्त्री भएको बेला 'पूर्वाधार विकास कोष'को अवधारणा सुरु भएको थियो । पछि त्यसको नाम फेरेर 'सांसद विकास कोष' र 'स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम' भन्न थालियो । यस कार्यक्रम अन्तर्गत संघीय संसद निर्वाचन क्षेत्रमा ६ करोड रुपैयाँको दरले बजेट विनियोजन हुने गरेको थियो । तर यो रकम विकासको नाममा कार्यकर्तामा बाँडेर दुरुपयोग हुने गरेको भन्दै आलोचना हुँदै आएको थियो । त्यसैले खारेज भएको सांसद विकास कोषलाई केही सांसदहरुले पुनः ब्युँताउनुपर्ने दबाब दिँदैआएका थिए ।

## आपतकालीन....

त्यसैगरी १८ वटै पालिका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूले जोखिम न्यूनीकरणका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुका साथै विपद् व्यवस्थापन समितिबाट लिनुपर्ने नदी नियन्त्रणलगायतका निर्णय समयमै गर्न आग्रह गर्नुभएको थियो ।

## गणतन्त्र.....

रक्तदान गरेको थिएँ ! गणतन्त्र दिवसका अवसरमा आयोजित कार्यक्रममा रक्तदान गरेसँगै मेरो रक्तदान ५२औं पटक पुगेको छ", उहाँले भन्नुभयो, "रगतबिनाको जीवन कल्पना पनि गर्न सकिँदैन । रक्तदान गरेर आकस्मिक कारणले अकालमा ज्यान जान लागेका धेरै मानिसको जीवन बचाउन सफल भएको छु ।" प्रमुख जिल्ला अधिकारी सेढाईंले २३औं, जनता समाजवादी पार्टीका प्रदेश समन्वय समिति सदस्य नवीन राईले २०औं, सशस्त्र प्रहरी नायब उपरीक्षक बमले १२औं, भूमि आयोगका अध्यक्ष राईले छैटौं र समन्य समिति प्रमुख राईले चौथोपटक रक्तदान गरेको बताउनुभएको छ ।

# अन्तराष्ट्रिय समाचार

## अफ्रिकी देश चाडमा किसान र गाई गोठालाबीच झडप, १० जनाको मृत्यु

अफ्रिकी देश चाडमा गाई गोठाला र किसानबीच भएको झडपमा १० जनाको ज्यान गएको छ। राजधानी एनजामेनाबाट ६ सय किलोमिटर दक्षिणपूर्वमा भएको घटनामा उनीहरुको ज्यान गएको हो । हत्यामा संलग्नलाई पक्राउ गरिएको स्थानीय गभर्नरलाई उद्धृत गरी समाचार संस्था एएफपीले जनाएको छ । गएको बिहीवार एक १२ वर्षीय गोठालाले आफ्ना गाईबस्तुलाई किसानको बदाम खेतमा लगेपछि विवाद सुरु भएको थियो । विवादपछि झडप हुँदा उनको ज्यान गएको थियो । त्यसपछि ज्यान गुमाउनेका आमाबाबुले बदला लिन नौ जना किसानको हत्या गरेका खबरमा उल्लेख छ। चाड, क्यामरुन र मध्य अफ्रिकी गणतन्त्रको उर्बर सीमा क्षेत्रमा प्रायः घुमन्ते गोठाला र त्यहाँ बसोबास गर्ने किसानबीच झडपका घटना हुँदै आएका छन् । यस्ता घटनाको मुख्य कारण खेतबारीमा लगाएको बालीमा बस्तुभाउ चराउँदा हुने गरेको छ। गोठालाहरूले आफ्ना गाईबस्तुहरूलाई बालीमा छाडिदिने गरेको आरोप किसानले लगाउने गरेका छन् । तर गोठालाहरूले त्यहाँ आफ्ना बस्तुभाउ चराउनु परम्परागत अधिकार भएको दाबी गर्दै आएका छन् ।

## कोलम्बियामा ६० लाख नागरिक प्राकृतिक ग्यासको पहुँचबाट वञ्चित

कोलम्बियामा ६० लाख जना मानिस प्राकृतिक ग्यासको पहुँचबाट वञ्चित भएका छन् । ज्वालामुखी नजिकैको क्षेत्रमा लागेको 'भूमिगत आगलागी' का कारण ग्यास पाइपलाइनहरू बन्द गर्नुपरेको र यसबाट ६० लाख जना नागरिक प्रभावित भएको खानी मन्त्रालयले जनाएको छ । पाइपलाइन कम्पनीका अनुसार सेवालाई पुनः सञ्चालनमा ल्याउन कम्तीमा एक हप्ता लाग्न सक्ने सरकारी अधिकारीले बताएका छन् । कोलम्बियाको पाँच करोड जनसङ्ख्यामध्ये दुई तिहाइ नागरिक खाना पकाउने र अन्य प्रयोगका लागि इन्धनमा निर्भर छन् । सामाजिक सञ्जालमा शेयर गरिएका तस्बिरहरूका अनुसार केही बासिन्दाहरूले ग्यासको विकल्पमा दाउरामा खाना पकाउन थालेका छन् । यस्तै, हजारौं मानिस विद्युतीय चुल्हो किन्नका लागि लामो लाइनमा बसेको देख्न सकिन्छ । धेरैजसो ग्यास(सञ्चालित सार्वजनिक यातायातहरूले सेवा प्रवाहलाई रोकेका खबरमा उल्लेख छ ।

## भारत र अष्ट्रेलियाद्वारा आप्रवासन सम्झौताको घोषणा

आर्थिक सहयोगलाई बलियो बनाउने उद्देश्यले भारत र अष्ट्रेलियाले आप्रवासन सम्झौताको घोषणा गरेका छन् । अष्ट्रेलिया भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र समकक्षी एन्थोनी अल्बानीजबीच सम्झौतामा सहमति भएको हो । सम्झौताको उद्देश्य विद्यार्थी, स्नातक, शैक्षिक अनुसन्धानकर्ता र व्यवसायी व्यक्तिको दुईतर्फी गतिशीलतालाई बढावा दिनु रहेको अन्तराष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । यस्तै, मोदीले भारत र अष्ट्रेलियाको सम्बन्ध सुमधुर भइरहेको पनि बताउनु भएको छ । उहाँले दुई देशबीचको सम्बन्धले विश्वमै प्रभाव पार्ने बताउनुभयो । क्षेत्रीय स्थिरता, विश्व शान्ति र कल्याणसँग पनि भारत र अष्ट्रेलियाको सम्बन्ध जोडिएको उहाँको भनाइ छ ।

## रुसका प्रधानमन्त्री मिशुस्टिन चीन भ्रमणमा

रुसका प्रधानमन्त्री मिखाइल मिशुस्टिनले चिनियाँ राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली छ्याङसँग उच्चस्तरीय भेटवार्ता गर्नुभएको छ । चीनको औपचारिक भ्रमणमा रहेका रुसी प्रधानमन्त्री मिशुस्टिनले चिनियाँ राष्ट्रपति र समकक्षी ली छ्याङसँग बेइजिङमा बेग्लाबेग्लै भेटवार्ता गर्नुभएको समाचार संस्था सिन्ह्वाले जनाएको छ । रुसले युक्रेनमा अघिल्लो वर्ष फेब्रुअरीदेखि आक्रमण थालेपछि मस्कोबाट बेइजिङमा भएको यो पहिलो उच्चस्तरीय भ्रमण हो । पश्चिमा देशले रुसलाई लगाएको प्रतिबन्धलाई जवाफ दिन र चीनसँगको सहकार्य तथा साझेदारी बढाउन यो भ्रमणलाई महत्वपूर्ण मानिएको छ । पारस्परिक सहायता अभिवृद्धिसम्बन्धी सम्झौतामा दुवै देशका अधिकारीले हस्ताक्षर समेत गरेका छन् । जापानमा हालै सम्पन्न जी-सेभेनको बैठकले युक्रेनबाट आफ्नो सेना फिर्ता गर्न रूसलाई दबाब दिन चीनलाई आग्रहसमेत गरेको थियो । रूस र चीनबीचको सम्बन्ध उच्चस्तरमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री मिशुस्टिनले आपसी एकताबाटै कठिनभन्दा कठिन कार्य सफलतापूर्वक सम्पन्न गर्न सकिने बताउनुभएको छ ।

## पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको पार्टीमाथि प्रतिबन्ध लाग्न सक्ने

पाकिस्तानको रक्षा मन्त्रालयले पूर्वप्रधानमन्त्री इमरान खानको पार्टी पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) माथि प्रतिबन्ध लाग्न सक्ने बताएको छ । यही महिना खान पक्राउ परेपछि पीटीआईले देशव्यापी प्रदर्शन गरेको थियो । प्रदर्शनका क्रममा सेनाका ब्यारेकसहित संवेदनशील क्षेत्रमा आक्रमण भएको भन्दै रक्षा मन्त्रालयले त्यसको छानबिन भइरहेको र पार्टीमाथि नै प्रतिबन्ध लाग्न सक्ने जनाएको बीबीसी हिन्दीले जनाएको छ । देशव्यापी प्रदर्शन तथा आक्रमणको बारेमा पूर्वप्रधानमन्त्री खानले स्वतन्त्र छानबिनको माग गर्नुभएको थियो । देशव्यापी प्रदर्शनपछि पीटीआईका कैयौं नेताहरूले पार्टी छाडेको घोषणा गरेका थिए । पाकिस्तानको एउटा अदालतले कम्तीमा यो महिनाभर पूर्वप्रधानमन्त्री खानलाई पक्राउ गर्न रोक लगाएको छ ।

## बर्डफ्लू देखिएपछि ब्राजिलमा पशु स्वास्थ्य आपतकाल घोषणा

ब्राजिलले बर्ड फ्लू देखिएपछि पशु स्वास्थ्य आपतकाल घोषणा गरेको छ । दुई वटा राज्यमा जंगली चराहरूमा बर्ड फ्लू (एच फाइभ एन वन)का आठ वटा केस पुष्टि भएपछि ६ महिना अर्थात् १ सय ८० दिनको आपतकाल घोषणा गरिएको हो । राजधानी रियो दि जेनेरियोमा एक र छिमेकी राज्य एस्पिरिटो सान्तोमा ७ वटासहित जंगली चराहरूमा बर्ड फ्लु भाइरस पुष्टि भएको हो । ब्राजिल विश्वको सबैभन्दा ठूलो कुखुराको मासु निर्यातक देश हो । हरेक वर्ष ब्राजिलले १० अर्ब डलरको कुखुराको मासु निर्यात गर्छ । भाइरस थप फैलिन नदिन पशु स्वास्थ्य आपतकाल घोषणा गरेको र बर्ड फ्लूको आवश्यक समन्वय, योजना र मूल्याङ्कन गर्न आपतकालीन सेन्टर पनि खडा गरेको त्यहाँको कृषि मन्त्रालयलाई उद्धृत गरी समाचार संस्था अल जजिराले जनाएको छ । जनावर तथा पन्छीहरूमा सङ्क्रामक रोग तीव्र रूपमा फैलिए पशु स्वास्थ्य आपतकालको घोषणा गरिन्छ ।

# विपनालाई 'युग नायिका', शंकर र योगेन्द्रलाई सर्वोत्कृष्ट संगीत निर्देशकको अवार्ड

काठमाडौं । बरिष्ठ अभिनेत्री विपना थापालाई 'युग नायिका'को उपमाले सम्मान गरिएको छ । शनिबार राजधानीमा सम्पन्न तेस्रो 'स्पर्श म्युजिक भिडियो अवार्ड २०२३' का अवसरमा उनलाई उक्त सम्मान अर्पण गरिएको हो । पछिल्लो समय भारतको मथुरामा बस्दै आएकी अभिनेत्री थापा सोही सम्मान ग्रहण गर्न नेपाल आएकी हुन् ।







समारोहमा अघिल्लो वर्षका गीतसंगीत तथा म्युजिक भिडियोहरु मध्ये सर्वोत्कृष्टलाई अवार्ड प्रदान गरिएको छ । जहाँ शंकर थापा 'स्माइल'ले 'देखिन तिमी जस्तो' गीतबाट सर्वोत्कृष्ट संगीत निर्देशक ( लोक-पप)को अवार्ड प्राप्त गरेका छन् । यस्तै 'अन्धकार' बोलको गीतबाट अर्का संगीतकार योगेन्द्र उपाध्यायले सर्वोत्कृष्ट संगीत निर्देशकको अवार्ड प्राप्त गरे । समारोहमा शैलेन्द्र खनालले 'बीर' बोलको गीतबाट सर्वोत्कृष्ट गीतकार, सुवानी मोत्तानले 'समय' बोलको गीतबाट सर्वोत्कृष्ट गायिका, संञ्जय किशोरले 'धेरै भो'बोलको गीतबाट सर्वोत्कृष्ट गायक, बिना श्रेष्ठले 'उनी बोल्दिनन् अचेल'बोलको गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक ( महिला) र 'जुम्ला' बोलको गीतको म्युजिक भिडियोले सर्वोत्कृष्ट भिडियोको अवार्ड प्राप्त गरे ।

कूल ५८ बिधामा प्रदान गरिएको अवार्डको निर्णायकमा चर्चित संगीतकार राजेन्द्र बजगाई, चर्चित मोडल सञ्चिता शाही, बरिष्ठ मेकअप आर्टिष्ट ऋतु रानालगायत रहेका थिए । विविध साँस्कृतिक कार्यक्रमहरु सहित भब्य रुपमा सम्पन्न अवार्ड समारोहमा सांगीतिक क्षेत्रका बिशिष्ठ ब्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

सर्वोत्कृष्ट संगीतकारको अवार्ड प्राप्त गर्ने शंकर र योगेन्द्र दुवै रेडियो नेपालको बर्गिकरणमा 'ए' ग्रेडका संगीतकार हुन् । नेपालमा सरकारी स्वामित्वको रेडियो नेपालले संगीतकर्मीहरुको बर्गिकरण गर्ने गर्छ । संगीतकार संघका बोर्ड सदस्य तथा राष्ट्रिय लोक साँस्कृतिक संघका मानार्थ सदस्य समेत रहेका चर्चित संगीतकार शंकर यतिबेला मेरो भ्वाइस कप युनिभर्सको कोच तथा म्युजिक टिचरका रुपमा समेत कार्यरत छन् । यस्तै योगेन्द्र भ्वाइस अफ नेपालमा टिम प्रमोदको कोच तथा म्युजिक टिचरका रुपमा आवद्ध छन् । योगेन्द्र राष्ट्रिय लोक साँस्कृतिक संघका महासचिव समेत हुन् ।

शंकरले यसअघि जिनियस म्युजिक अवार्ड, ओएस नेपाल म्यजिक अवार्ड, नीम अवार्ड, नेशनल रापती म्युजिक अवार्ड, कालिका एफएम म्युजिक अवार्ड, म्युजिक खबर म्युजिक अवार्ड, अमिन राष्ट्रिय म्युजिक अवार्ड लगायतका अवार्डहरुमा सर्वोत्कृष्ट संगीतकारको अवार्ड प्राप्त गरिसकेका छन् । संगीतमै एम्युज गरेका योगेन्द्रले जिनियस म्युजिक अवार्ड, क्वालिटी म्युजिक अवार्ड, इमेज अवार्डलगायतका अवार्डहरुमा सर्वोत्कृष्ट संगीतकारको अवार्ड प्राप्त गरिसकेका छन् ।

# "धराधरी रुवाइ कसम खानेले" बोलको गित सार्वजनिक

काठमाडौं । कवि,गीतकार तथा गजलकारका रुपमा परिचित स्रष्टा मुक्तकहरुले समाजको वास्तविकता बोल्छन् । प्रस्तुत गीतमा बर्तमान नेपाली सुगम सङ्गीतका फाँटमा एक दर्जन जति गीतहरू प्रस्तुत गरि



उत्तम बिचारका शब्द संयोजन प्रमोद खरेलको आवाज (स्वर) र रिमेश कुमारको संगीतमा ''कसम खानेले रुवाई धरधरी '' बोलको गीत सार्वजनिक गरिएको छ ।

पर्यटन क्षेत्रमा सक्रिय रहेका श्रष्टा उत्तम बिचारका गीत कविता समाजमा देखिएका पारिवारिक बिखण्डनको मर्मस्पर्शी पृष्ठभूमिको तितो यथार्थतालाइ गहन रुपमा प्रस्तुत गरि दर्शक स्रोताका भावनामा शब्द सुर र तालको त्रिवेणी संयोजनले चुर्लुम्म डुवाउने कलात्मक प्रयोग गरिएको छ । सकेका श्रष्टा उत्तम बिचार नेपाली सुगम संगीतको फाँटमा अर्को एक कदम अघि बढ्ने प्रयास गरिएको छन् ।

हालसालै उनका ''एकै हुन्छ माया '' बोलको गजल सार्वजनिक गरिएको छ ।

# प्रकृतिप्रेमी स्रष्टा पदयात्रीको ७० औं संृखला बिभिन्न कार्यक्रम गरि सम्पन्न

प्रकृति संग सन्निकट भइ भाषा साहित्य कला संस्कृतिमा भरपूर प्रयोग गर्ने पवित्र उद्धेश्यका साथ संस्कृतिबिद् साहित्यकार ,पत्रकार कवि तथा लेखकहरुको सामुहिक टोली स्यांजा, पर्वत र पाल्पा जिल्लाका बिभिन्न स्थानको स्थलगत भ्रमण गरि बिभिन्न स्थानमा बिविध साहित्यिक गोष्ठी, अन्तर्कृया र कार्यक्रम गरि सम्पन्न गरेको छ ।

स्यांजा र पाल्पा जिल्लाको संगमस्थल उत्तरबाहिनी जहाँ कालीगण्डकी नदी करिव ३ किलोमिटर जति उत्तरी दिशामा बहने भएकोले उक्त स्थानको नाम उतरबाहिनी रहेको कुरा श्री कृष्णगण्डकी गुरुकुलममका संरक्षक तथा धार्मिक अभियंता चैतन्य कृष्णद्वारा बताइएको छ । स्रष्टा पदयात्रीहरुलाइ पाल्पा र स्यांजा जिल्लाको संगमस्थल श्री कालीगण्डकी गुरुकुलमा आश्रय प्रदान गरिएको थियो ।

पदयात्री भ्रमण टोलीमा सहभागिहरु घनश्याम प्रसाइ , डिल्लीराज अर्याल, गंगाप्रसाद भेटवाल,अप्सरा ढकाल ,दीपक भेटवाल,खोलाघरे साहिंलो ,वसन्त रिजाल,,रामकुमार पण्डित , अभय श्रेष्ठ ,जयराम विडारी, ,रूबी सत्याल ,शम्भु गजुरेल ,माधव घिमिरे 'अटल'', डा.बालचन्द्र मिश्र हरुमा आन्तरिक प्रतिस्पर्धा गराइ शितल गिरी तथा वीमलअर्यालको मुल्यांकन मण्डलको मुल्यांकनका आधारमा कवि खोलाघरे सांहिलो बिजेता भएका छन् । बिजेता कविलाइ श्री कालीगण्डकी गुरुकुलमका संरक्षक एवं धार्मिक अभियंता चैतन्य कृष्णद्वारा ''स्रष्टा पदयात्री प्रोत्साहन पुरस्कार ''नगद सहित पुरस्कृत गरिएको थियो । उक्त कार्यक्रममा ,डा.तुलसी प्रभास तथा चैतन्य कृष्ण द्वारा क्रमशः गद्यकविता र मलाई छ प्यारो छ महालिङ्गधाम नामक कविता बाचन समेत गरिएको थियो ।

साथै स्रष्टा पदयात्री हरुले शनिवार उत्तरवाहिनी स्नान गरि परिसर भ्रमण,अवलोकन पश्चात कालीगण्डकी प्रस्रवण क्षेत्र अन्तर्गत मालङ्गाको ,चक्रशीला ( चक्रअंकित ) शालिग्रामको दर्शन तथा शङ्खे पीपल ( राति शङ्खको आवाज दिने पीपल ) राम्दीघाट (जहाँ त्रेतायुगमा भगवान श्रीरामले स्नान गरिएकोले ) रामनदी भनिएको स्थानका साथै सिद्धगुफा ( जहाँ मार्कण्डेय ऋषिले तपस्या गरिएको भन्ने जनश्रुति पाइन्छ ) अवलोकन भ्रमण गरिएको थियो ।

साथै श्री कालीगण्डकी गुरुकुलम्मा एक भव्य कार्यक्रमको आयोजना गरि स्रष्टा पदयात्री तथा स्थानीय प्रबुद्ध ब्यक्तित्व हरुका बीच साहित्यिक गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।कार्यक्रममा कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका संरक्षक तथा धार्मिक अभियंता चैतन्यकृष्णको सभापतित्व तथा रम्भा गाउँ पालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीको प्रमुख आतिथ्यतामा स्रष्टा पदयात्रा संयोजक तथा साहित्यकार शितल गिरी, स्रष्टा पदयात्री, स्थानीय सहजकर्ता तथा साहित्यकार डा. तुलसी खनाल ''प्रभाष'' स्यांजाका पूर्व सांसद तथा आध्यात्मिक ब्यक्तित्व शंकर पाण्डे, गल्यांग १ का वडाध्यक्ष मणिप्रसाद बस्याल को आतिथ्यतामा साहित्यिक गोष्ठीको आयोजना गरियो ।

कार्यक्रममा श्री कालीगण्डकी गुरुकुलममा अध्ययनरत बटुकहरुद्वारा स्वस्ति बाचन तथा रम्भा गाउँ पालिकाका अध्यक्ष बिष्णुप्रसाद भण्डारीद्वारा ब्यानर पढि औपचारिक रुपमा कार्यक्रमको उद्घाटन गरिएको थियो भने कालीगण्डकी गुरकुलम् का सचिव विवेक बस्यालद्वारा स्वागत मन्तव्य ब्यक्त गरिएको थियो ।

स्वागत मन्तव्यका क्रममा रम्घा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले स्रष्टा पदयात्रीहरुले हाम्रो स्थानीय क्षेत्रलाइ आफ्नो पदयात्राको गन्तव्य बनाउनु हामी सवैको लागि गौरवको बिषय रहेको र वहाँहरुलाइ स्वागत गर्न पाउनु आफुहरुको अहोभाग्य रहेको बताउंदै साहित्यकार पत्रकार र बौद्धिक ब्यक्तित्वहरुले कतिपय राम्रा कुरा लेखनका माध्यमबाट अन्य धेरै ठाउँमा प्रचार प्रसार गरिदिउन् त्यसै गरि कतिपय नराम्रा कुरा भए हामी आफैंलाइ औंल्याइदिनु भएमा हामी आफैं सच्चिएर अघि बढ्न मद्धत मिल्नेछ भन्दै पदयात्रि टोलीले आ-आफ्नो लेखनको माध्यमबाट उत्तरबाहिनीको प्रचार प्रशारमा यथेष्ट भूमिका खेल्ने बिचार ब्यक्त गरेका छन् । यसैक्रममा स्यांजाका पूर्व सांसद तथा आध्यात्मिक ब्यक्तित्व शंकर पाण्डेद्वारा संस्कार संस्कृति र राष्ट्रीयताका बिषयमा आफूले संसदमा समेत पटक पटक आवाज़ उठाएको र कुनै पनि तंत्रमा जनता सुखी हुन नसक्दा त्यसको आयु लामो नहुने उल्लेख गर्दै साहित्य संस्कृति लेखनका मुर्धन्य ब्यक्तित्वहरुको आफ्नो क्षेत्रमा आगमनको खवर थाहा पाएर काठमाण्डौबाट रात्री बस चढेर भर्खरै फर्किएर आएर यहांहरुलाइ स्वागत गर्न पाएकोमा संतोष लागेको बताएका छन् ।

स्वागत मन्तव्यका क्रममा स्रष्टा पदयात्राका स्थानीय सहजकर्ता डा.तुलसी ''प्रभास'' खनालले कला, साहित्य, संस्कृति, दर्शन, अध्यात्म, पत्रकारिता सबै क्षेत्रका बिराट ब्यक्तित्व हरुले स्यांजा, पाल्पा,र पर्वत जिल्लाका बारेमा एकसाथ अध्ययन भ्रमणका लागि यस क्षेत्रलाइ रोज्नुले आफूलाइ पुलकित तुल्याएको उल्लेख गर्दै आफ्नो ब्यस्तताको बावजूद पनि यस कार्यक्रमको स्थानीय सहजकर्ताको भूमिका निभाउन पाएकोमा अत्यंत उत्साहित भएको बताएका छन् ।यसैक्रममा साहित्यकार तथा पदयात्रा अभियन्ता शितल गिरीले बंदकोठा भित्र बन्धक बसेर गरिएको साहित्य सृजना भन्दा प्रकृतिको काखमा लुटपुटिंदै प्रकृति संगको सन्निकटमा सम्बद्ध पक्ष हरुसंग अन्तरकृया गर्दै तीनका भावना र तथ्य सहित लेखिने साहित्यको प्रभावकारीताको महत्व छुट्टै हुने बिचार ब्यक्त गर्दै देशका बिभिन्न क्षेत्रको अध्ययन भ्रमणको महत्वका बिषयमा प्रकाश। पारेका छन् ।

उक्त कार्यक्रममा श्री कृष्णगण्डकी गुरुकुलममका प्राचार्य तथा संरक्षक एवं धार्मिक अभियंता चैतन्य कृष्णद्वारा मन्तव्यका क्रममा मृत्युमाथि बिजय प्राप्त गर्ने मार्कण्डेय ऋषिको तपस्थली गण्डक क्षेत्र उत्तरबाहिनी जहाँ करिव ३ किलोमीटर जति उत्तरतर्फ आफ्नै माइतितर्फ बगेकी कालीगण्डकी ( उत्तरबाहिनी) नदीको किनारमा हाम्रा सभ्यताको बिकाश भएको यो तपोभूमि, पुण्यभूमी १८ पुराणका रचयिता बेदब्यासको जन्मभूमि प्राचीनतम ग्रन्थ सांख्य दर्शनका प्रणेता कपिलमुनीको तपस्थली गुप्तकाशीको रुपमा अवस्थित योग र संयोगको जन्मभूमिमा तपाईहरु समाजका बुज्रुक ब्यक्तित्वहरु लाइ स्वगत गर्न पाउँदा अत्यंत खुशी लागेको बिचार ब्यक्त गरिएको थियो । सोमनाथ न्यौपाने द्वारा सुन्दर ढंगले संचालन गरिएको उक्त कार्यक्रम सभ्य र भव्य रुपमा सम्पन्न गरिएको थियो ।

कार्यक्रमको समापन पश्चात पदयात्री टोली मालुंगाबाट मिर्मी तर्फ प्रस्थान गरि त्यहाँको समुदाय द्वारा संचालित रहेको देशकै नमूना बिद्यालयका रुपमा सुपरिचित मिर्मी आधारभूत बिद्यालयको अवलोकन भ्रमण गरिएको थियो । सामूदायिक बिद्यालयहरु प्राय अब्यवस्थित रुपमा संचालित हुने गरेकोले आर्थिक चापका बावजुद पनि अभिभावकहरुको रोजाइ अंग्रेज़ी माध्यमको बिद्यालय हुने गरेको अवस्थामा ब्यवस्थित र गुणस्तरीय शिक्षा प्रदान गरेर सामुदायिक बिद्यालयमै रोक्नका लागि बाल बालिकाको मनोविज्ञान शारीरिक र बौद्धिक क्षमतामा आधारित उपाय अवलम्बन गर्न सफल भएको हुनाले नमूना बिद्यालयका रुपमा उभ्याउन सफल भएको कुरा शिक्षक तथा कोअर्डिनेटर ज्ञानु पाण्डेले जानकारी दिएका छन् । भेटका क्रममा हेर्ने कथा अन्तर्गत एक अंकमा शिक्षक ज्ञानु पाण्डे तथा बिद्यालयका बारेमा सामग्री प्रशारण भइसकेको समेत जानकारी प्राप्त भयो । मिर्मी नमूना बिद्यालय तथा शिक्षक ज्ञानु पाण्डे संगको अन्तरकृया पश्चात पदयात्रि टोलीले कालीगण्डकी रिसोर्टमा बिश्राम गरेका थिए ।

आइतबार बिहानै पदयात्रि टोलीले कालीगण्डकी ए जलबिद्युत परियोजना भ्रमण गरि परियोजनाको बांधको जलमार्ग हुंदै मिर्मी-सेतीवेनी जलयात्रा गरि स्यांजा पर्वत र गुल्मी जिल्लाको संगमस्थल तथा सेती र कालीगण्डकीको दोभानमा अवस्थित बिश्वकै सवै भन्दा ठूलो शालिग्रामको दर्शन पश्चात पैयुं खोलाको किनारै किनार करिव ३ घण्टाको पदयात्रा सम्पन्न गरि पैयुं हटिया पुगेर खानपिन पश्चात पदयात्री टोली मेटरको प्रयोग गरेर पुनः वालिंग फर्किइ रात्रि बस चढेर राजधानी काठमाण्डौ फर्कएर पदयात्रा सम्पन्न गरिएको जनाइएको छ ।

-जयराम बिडारीले स्थलगत यात्रावाट पठाउनु भएको हो ।

# शून्यको मूल्यलाई उत्तम-शान्ति पुरस्कार




सुर्खेत । डा. नवराज केसीद्वारा लिखित कर्णालीका आमाहरुको संघर्षमा आधारित कृति 'शून्यको मूल्य'लाई यस वर्षको उत्तम-शान्ति पुरस्कार प्रदान गरिएको छ । २०७९ सालभर प्रकाशित कृति मध्येबाट 'शून्यको मूल्य'लाई उत्तम-शान्ति पुरस्कार प्रदान गरिएको बताइएको छ । पुरस्कारको राशि १ लाख रुपैयाँ तथा सम्मानपत्र रहेको छ । उत्तम कुँवर स्मारक पुरस्कार गुठीमा प्राप्त गैरआख्यानका साहित्यिक कृतिमध्येबाट छनोट समितिले निर्णय गरेका व्यक्तिलाई पुरस्कार दिइन्छ । यो वर्ष

बाँकी ६ पृष्ठमा

# टाटाको नेक्सन ईभी म्याक्स अब वीरगन्जमा

टाटा गाडीको नेपालका लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले नेक्सन ईभी म्याक्सको वीरगन्जबाट पनि बिक्री सुरु गरेको छ ।

टाटाको नेक्सन ईभी म्याक्समा ४० किलोवाटको ब्याट्री प्याक छ । यसले एक पटकको फुल चार्जमा ४५३ किलोमिटर रेन्ज प्रदान गर्छ । यसमा पहिलेको भन्दा शक्तिशाली क्षमताको

यो नयाँ नेक्सन ईभीमा हालको मोडलभन्दा बढी फिचर्स हुने गरी अपडेट गरिएको छ । अपडेटेड आईसीई इन्जिन, एयर प्युरिफायर, भेन्टिलेटेड फ्रन्ट सिट लगायत यसमा




कम्पनीले केही समय अगाडि नेक्सन ईभीको लङ रेन्ज नेक्सन ईभी म्याक्सलाई नेपाली बजारमा सार्वजनिक गरेको थियो ।

बिहीबार एक कार्यक्रम गर्दै सिप्रदीले नेक्सन ईभी म्याक्सको वीरगन्जमा सार्वजनिक गरिएको जनाएको छ । अब यो गाडी बुकिङ तथा खरिद वीरगन्जमा रहको टाटाको आधिकारिक शोरुमबाटै गर्न सकिने कम्पनीले जनाएको छ ।

यो गाडी नेपाल धेरै बिक्री भएको नेक्सन ईभीको लङ रेन्ज ईभी हो । सिप्रदीले यसलाई १०० किलोवाट मोटर पावरमा नेपाली बजारमा भित्र्याएको छ । यसको टप भेरिएन्टको मूल्य ४६ लाख ४९ हजार रुपैयाँ कायम गरिएको छ ।

३.३ किलोवाटदेखि ७.२ किलोवाट एसी चार्जर विकल्प पनि उपलब्ध छ ।

जसमा ३.३ किलोवाट एसी चार्जरले ब्याट्री चार्ज गर्न लगभग १५-१६ घण्टा लाग्छ भने ७.२ किलोवाट क्षमताको एसी चार्जरले ब्याट्री चार्ज गर्न ५-६ घन्टा लाग्छ । तर फास्ट चार्जिङको अप्सन पनि यसमा छ जसले एक घन्टामै ब्याट्री फुल चार्ज हुनेछ । यसको लागि ५० किलोवाट क्षमताको डीसी फास्ट चार्जर आवश्यक पर्दछ ।

टाटाको नेक्सन ईभी म्याक्समा भएको ब्याट्रीमा ८ वर्ष वा १ लाख ६० हजार किलोमिटरसम्मको रेन्ज प्रदान गरिएको छ । साथै गाडीमा भने ३ वर्ष वा १ लाख २५ हजार किलोमिटर सम्म उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

उपलब्ध छ। हालको नेक्सन ईभीमा रहेको पार्किङ मोड र इलेक्ट्रोनिक स्टेबिलिटी प्रोग्राम (ईएसपी) पनि यसमा समावेश गरिएको छ ।

यसबाहेक, नेक्सन ईभी म्याक्सले ४८ सुविधाहरू सहितको जी कनेक्ट २.० कनेक्टेड कार टेक्नोलोजी अपग्रेड गरेको छ । यसले सिंगल-पेडल ड्राइभिङमा मद्दत गर्ने उच्चतम रेजेन लेभलको साथमा ब्रेकिङका लागि चार रेजेन लेभलसहित मल्टी-मोड रेजेन पनि प्राप्त छ ।

टाटा मोटर्सले एक अटो ब्रेक ल्याम्प थपेको छ जुन एक निश्चित स्तरमा पुगेपछि सक्रिय हुन्छ, जसले सडक प्रयोगकर्ताहरूलाई प्रभावकारी रूपमा पछाडि चेतावनी दिन्छ ।

# नेपालको बाटोमा आफ्नो सफल छाप छाड्दै

काठमाडौं । नेपालका अधिकांश बाटोहरु ग्रामिण इलाकामा पर्छन् । त्यस्ता बाटोका लागि कि एसयूभी कि पिकअप उपयुक्त मानिन्छ । अफरोड वा एडभेन्चर यात्राका लागि पिकअप नै उपयोगी हुन्छ ।

किनकी डबल क्याब पिकअपमा

यो पिकअप उपभोक्ताहरु माझ पनि यसको 4WD रोड क्षमता, स्टाइलिशमोडल , उच्च स्तरको विशेषता, शक्तिशाली प्रर्दशन, अधिकतम सुरक्षा र प्रतिस्पर्धी मूल्यका कारण प्राथमिकतामा हुन सफल छ ।

Scorpio लोकप्रियता नेपाली बजारहरूमा समेत कायम रहेको छ ।

□□□□□□□ प्लेटफर्ममा बनेको महिन्द्रा पिकअपमा चार सिलिन्डर युक्त २.२ लिटर टर्बो डिजेल एमहक इन्जिने १४० एचपीपावर र ३२० एनएम टर्क छ । यसमा२१० एम.एम को Ground Clearance




५ यात्रु सहित सामान राख्नका लागि पछाडिको भागमा ठूलो स्पेस रहेको हुन्छ । नेपाली बजारम उपलब्ध विभिन्न कम्पनीका पिकअप मध्येको एक हो “महिन्द्रा स्कर्पियोपिकअप” Scorpiolksckfull option गाडीको proven performance र high features रूका कारण हालसम्म नेपालका सबै भूभागमा ५ हजारभन्दा बढी महिन्द्रा पिकअप गाडी दौडिरहेका छन् र नेपालको लागि यस्तो उत्कृष्ट गाडी जीवनशैली र भौगोलिक हिसाबले उत्तम स्कर्पियो पिकअप विभिन्न भेरियन्ट र चार रंगमा उपलब्ध रहेको छ । सरकारी तथा गैर सरकारी क्षेत्रमा विश्वसनीय र भरपर्दो मानिएको बजारमा मात्रै नभइ विश्वव्यापी रुपमा ट्युनिसिया, दक्षिण अमेरिका, युरोप, अस्ट्रेलिया, एशिया र अफ्रिकाका धेरै साथै 4WD को मद्दतले नेपालको कुनै पनि कुनामा सहजरुपमा यात्रा गर्न सकिन्छ ।

# नेपालको बाटोमा आफ्नो सफल छाप छाड्दै

काठमाडौं । यामाहा नेपाल बहुप्रतिक्षित रे जेडआर १२५ हाइब्रिड, स्मार्ट मोटर जेनेरेटरसहितको नेपालको पहिलो हाइब्रिड स्कुटर सार्वजनिक गर्न पाउँदा गौरवान्दित छ । विभिन्न आवश्यकता र सवारहरूको प्राथमिकताहरू पूरा




गर्नका लागि रे जेडआर १२५ हाइब्रिड चार ट्रिमहरूमा उपलब्ध छ स्टाण्डर्ड, डिलक्स र प्रिमियम प्रिमियम प्लस । रे जेडआर १२५ हाइब्रिडको केन्द्रमा शक्तिशाली एयर कूल्ड, फ्युल इन्जेक्टेड (ँ) १२५ सीसी ब्लू कोर इन्जिन छ ।

रे जेडआर १२५ शृङ्खलाको हाइब्रिड भेरियन्टहरूले स्मार्ट मोटर जेनेरेटरलाई गतिरोधको समयमा शक्ति सहायता प्रदान गर्दछन् । साइलेन्ट स्टार्टरको रूपमा पनि चिनिने यो उन्नत प्रणाली शहरको सवारी अवस्थाहरूमा जिप्पियर प्रदर्शन र इन्धन दक्षतालाई मद्दत गर्न इलेक्ट्रिक मोटरको रूपमा दोब्बर हुन्छ । इलेक्ट्रिक पावर सपोर्टको सिमलेस एकीकरणले इन्धनको बचत मात्र गर्दैन, समग्र सवारी अनुभवलाई पनि बढाउँछ । रे जेडआर १२५ हाइब्रिड एक पुन डिजाइन गरिएको, पूर्ण रूपमा डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर र मानकको रूपमा एलईडी हेडल्याम्पले सुसज्जित छ, जसले सवारी चालकहरूको लागि अधिकतम भिजिबलिटी र सुविधा सुनिश्चित गर्दछ । १४५ एमएमको ग्राउन्ड क्लियरेन्सको साथ मात्र ९९ किलोग्राममा उल्लेखनीय रूपमा हल्का यसमा युनिफाइड ब्रेकिङ सिस्टम (यूबीएस) साइड स्ट्यान्ड इन्जिन कट-फ फङ्सन, र २१ लिटर अन्डर-सीट भण्डारण जस्ता सुविधाहरू छन् । स्टप एण्ड स्टार्ट प्रणालीले छोटो बिसौनीमा इन्जिनलाई स्वतः स्विच अफ गरी मूल्यवान ऊर्जा बचत गरेर इन्धन दक्षतालाई अझ बढाउँछ ।

# यामाहाको नयाँ स्कुटर रे जेडआर १२५ हाइब्रिडका विभिन्न भेरिएन्ट र तिनको मूल्य

काठमाडौं - यामाहाको नेपालका लागि आधिकारिक वितरक एमएडब्ल्यु इन्टरप्राइजेजले रे जेडआर १२५ स्कुटरलाई हाइब्रिड भर्सनमा नेपाल ल्याएको छ । गत शुक्रबार एक कार्यक्रमका बीच सो स्कुटर सार्वजनिक गरियो । सो अवसरमा स्कुटर र्‍याली समेत आयोजना गरिएको थियो । सो स्कुटर ड्रम, स्ट्यान्डर्ड, डिलक्स र प्रिमियम प्लस गरी चार ट्रिमहरुमा उपलब्ध छ । यसको मूल्य क्रमशः २ लाख ७९ हजार ९ सय, २ लाख ८९ हजार ९ सय, २ लाख ९४ हजार ९ सय र २ लाख ९९ हजार ९ सय रुपैयाँ छ । रे जेडआर १२५ हाइब्रिडको केन्द्रमा १२५ सीसीको शक्तिशाली एयरकुल्ड, फ्युल इन्जेक्टेड अर्थात एफआई ब्लुकोर इन्जिन रहेको छ । हाइब्रिड भेरिएन्टले बाँकी ६ पृष्ठमा

## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : इंन्दिरा घमला, ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस